# प्रादेशिक आर्थिक गतिविधि अध्ययन

## (लुम्बिनी प्रदेश)

## अर्ध-वार्षिक प्रतिवेदन

## (आ.व.२०८०/८१)




नेपाल राष्ट्र बैंक
सिद्धार्थनगर कार्यालय
(२०८१ जेठ)

# भूमिका

नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले निर्दिष्ट गरेका उद्देश्यहरु हासिल गर्न तथा नेपाल सरकारको आर्थिक सल्लाहकारको भूमिका निर्वाह गर्न नेपाल राष्ट्र बैंकले देशको समष्टिगत अर्थतन्त्रमा प्रभाव पार्ने कृषि, सिँचाई, उद्योग, वन, पूर्वाधार, सेवा लगायतका क्षेत्रहरु एवम् समग्र आर्थिक स्थायित्वमा प्रभाव पार्ने वित्तीय अवस्था,  मुद्राप्रदाय, मूल्य स्थिरता, शोधनान्तर अवस्था जस्ता क्षेत्रहरुमा अध्ययन/अनुसन्धान गर्ने गर्दछ । देश संघीय संरचनामा प्रवेश भएसँगै यस बैंकका प्रादेशिक कार्यालयहरुबाट सम्बन्धित प्रदेशको समग्र आर्थिक अवस्थाको बारेमा अध्ययन/अनुसन्धान गरी **प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन** तयार गर्ने र त्यस्तो प्रतिवेदन अर्धवार्षिक र वार्षिक गरी प्रत्येक आर्थिक वर्षमा दुई पटक प्रकाशन गर्ने कार्य सम्पन्न हुँदै आएको छ ।

यसै सिलसिलामा लुम्बिनी प्रदेशस्थित  **१२ वटा जिल्लाहरु** रुपन्देही, कपिलवस्तु, नवलपरासी (ब.सु.प.), पाल्पा, गुल्मी, अर्घाखाँची, दाङ, बाँके, बर्दिया, रुकुम पूर्व, रोल्पा र प्यूठानलाई समेटी यस बैंकको प्रादेशिक कार्यालय सिद्धार्थनगरले लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०८०/८१ को अर्धवार्षिक **(२०८० साउन देखि २०८० पुस मसान्तसम्म**) आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरी प्रकाशन गरेको छ । यस प्रतिवेदनमा लुम्बिनी प्रदेश अन्तर्गतका जिल्लाहरुको कृषि, उद्योग, सेवा, पूर्वाधार लगायतका अन्य विषयहरु समेटी निर्दिष्ट ढाँचामा तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण गर्नुका साथै क्षेत्रगत सम्भावना र चुनौतीहरु समेटिएको छ ।  यो प्रतिवेदन तयार गर्दा प्राथमिक तथा द्धितीय तथ्याङ्कको प्रयोग गरिएको छ । यो प्रतिवेदन तीनै तहका सरकार, निजी क्षेत्र, शोधकर्ता, विद्यार्थी लगायतका सरोकारवालाहरुलाई उपयोगी हुने मैले विश्वास लिएको छु ।

प्रतिवेदन तयार गर्ने क्रममा तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने लुम्बिनी प्रदेश अन्तर्गतका मन्त्रालय तथा मातहतका कार्यालयहरु, जिल्लास्थित सरकारी तथा निजी क्षेत्रका कार्यालयहरु, उद्योग, व्यापारिक प्रतिष्ठान एवम् संस्थाहरुप्रति आभार प्रकट गर्दछु । यो प्रतिवेदन तयार पार्न संयोजन गर्नुहुने उप-निर्देशकद्धय श्री छविलाल घिमिरे र श्री लवली श्रीवास्तवलाई विशेष धन्यवाद दिन चाहन्छु । यसैगरी, प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न हुनुहुने आर्थिक अनुसन्धान इकाईका सहायक निर्देशकहरु श्री सुसिल खनाल, श्री सन्तोष गुप्ता, श्री देवराज ज्ञवाली, प्रधान सहायक श्री पदमराज भुसाल, प्रधान सहायक श्री कमल प्रसाद आचार्य र सहायक श्री दिक्षा अर्याल एवम् आर्थिक अनुसन्धान इकाई नेपालगञ्जका सहायक निर्देशक श्री दिपेश यादव, प्रधान सहायक श्री विष्णु बहादुर के.सी., सहायक श्री मिनराज शर्मा र श्री रवि कनौजियालाई समेत धन्यवाद दिन चाहन्छु ।

**विज्ञान राज सुवेदी**
**निर्देशक**
**नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर**

# विषय-सूची


| | | | पेज नं. |
|---|---|---|---|
| | | **कार्यकारी सारांश** | |
| **परिच्छेद १** | **अध्ययन परिचय** | | **१–३** |
| | १.१ | पृष्ठभूमि | १ |
| | १.२ | अध्ययनको उद्देश्य | १ |
| | १.३ | अध्ययन विधि | १ |
| | १.४ | अध्ययनको सीमा | २ |
| | १.५ | अध्ययन प्रतिवेदनको ढाँचा | ३ |
| **परिच्छेद २** | **प्रदेशको तुलनात्मक स्थिति** | | ४–९ |
| | २.१ | राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको क्षेत्रगत हिस्सा | ४ |
| | २.२ | अन्तरप्रदेश तुलना | ५ |
| | २.३ | प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | ९ |
| **परिच्छेद ३** | **कृषि क्षेत्र** | | **१०–१८** |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | १० |
| | ३.२ | कृषि उत्पादन | ११ |
| | ३.३ | पशुपन्छी तथा माछा उत्पादन | १३ |
| | ३.४ | वनजन्य उत्पादन | १४ |
| | ३.५ | सिँचाइ | १५ |
| | ३.६ | क्षेत्रगत कृषि कर्जा | १६ |
| | ३.७ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १८ |
| **परिच्छेद ४** | **उद्योग क्षेत्र** | | **१९–२३** |
| | ४.१ | उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी | २० |
| | ४.२ | क्षेत्रगत औद्योगिक कर्जा | २१ |
| | ४.३ | औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | २३ |
| **परिच्छेद ५** | **सेवा क्षेत्र** | | **२४–३४** |
| | ५.१ | पर्यटन | २४ |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २५ |
| | ५.३ | वित्तीय सेवा | २६ |
| | ५.४ | सेवा क्षेत्र कर्जा | ३० |
| | ५.५ | सहकारी | ३० |
| | ५.६ | परिवर्त्य विदेशी मुद्रा खरिद/बिक्री | ३१ |
| | ५.७ | भारतीय मुद्रा खरिद/बिक्री | ३२ |
| | ५.८ | मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सी | ३२ |
| | ५.९ | सेवा क्षेत्रको चुनौती र सम्भावना | ३४ |

| | | | |
|---|---|---|---|
| **परिच्छेद ६** | **पूर्वाधार र रोजगारी** | | **३५–४२** |
| | ६.१ | पूर्वाधार क्षेत्र | ३५ |
| | ६.२ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ३८ |
| | ६.३ | रोजगारी | ३९ |
| | ६.४ | रोजगारीका चुनौती र सम्भावना | ४२ |
| **परिच्छेद ७** | **प्रादेशिक कार्यक्रम तथा योजना** | | **४३–४७** |
| | ७.१ | कार्यक्रम तथा परियोजनाको कार्यान्वयन | ४३ |
| | ७.२ | स्थानीय तहको बजेटको प्रगति अवस्था | ४५ |
| **परिच्छेद ८** | **आर्थिक परिदृष्य** | | **४८–४९** |
| | ८.१ | कृषि उत्पादन | ४८ |
| | ८.२ | औद्योगिक उत्पादन | ४८ |
| | ८.३ | सेवा क्षेत्र | ४९ |
| | ८.४ | पूर्वाधार क्षेत्र | ४९ |

## बक्स-सूची

**पेज नं.**

| | |
|---|---|
| बक्स १: लुम्बिनी मल्टिपल एग्रीकल्चर एण्ड रिसर्च सेन्टर | १७ |
| बक्स २: प्यूठान जिल्लाको मल्लरानीमा जीप लाईन सञ्चालन | ३३ |
| बक्स ३: अर्घाखाँची जिल्लाको भूमिकास्थान नगरपालिकामा उत्पादन कार्यक्रम | ४१ |

## तालिका-सूची

**पेज नं.**

| | |
|---|---|
| तालिका २.१: प्रदेशगत आर्थिक वृद्धिदर | ६ |
| तालिका २.२: राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान | ६ |
| तालिका २.३: लैङ्गिक अनुपात र जनघनत्वको प्रदेशगत अवस्था | ८ |
| तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्रको जिल्लागत हिस्सा | ११ |
| तालिका ३.२: कृषि उपज उत्पादनको जिल्लागत हिस्सा | १३ |
| तालिका ३.३: दुध तथा मासु उत्पादनको जिल्लागत हिस्सा | १४ |
| तालिका ३.४: कृषि कर्जाको जिल्लागत स्थिति | १६ |
| तालिका ४.१: जिल्लागत उद्योगको अवस्था | १९ |
| तालिका ४.२: औद्योगिक उत्पादन | २१ |
| तालिका ४.३: कुल औद्योगिक कर्जा र क्षेत्रगत हिस्सा | २२ |
| तालिका ४.४: कुल औद्योगिक कर्जामा जिल्लागत हिस्सा | २२ |
| तालिका ५.१ पर्यटक आगमन, रोजगारी तथा होटल अकुपेन्सी दर | २४ |
| तालिका ५.२: सार्वजनिक निर्माण तथा रियलस्टेट | २६ |
| तालिका ५.३: जिल्लागत निक्षेप, कर्जा र कर्जा/निक्षेप अनुपातको अवस्था | २७ |
| तालिका ५.४: विपन्न वर्ग कर्जा, पुनरकर्जा र सहुलियतपूर्ण कर्जाको जिल्लागत अवस्था | २९ |
| तालिका ५.५: कुल सेवा कर्जाको जिल्लागत अवस्था | ३० |
| तालिका ५.६: सहकारी सेवा | ३१ |
| तालिका ५.७: परिवर्त्य विदेशी मुद्रा खरिद/विक्री विवरण | ३१ |
| तालिका ५.८: भारतीय मुद्रा खरिद/बिक्री विवरण | ३२ |

तालिका ५.९: मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुको विवरण ३२
तालिका ६.१: प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८०/८१ को अर्धवार्षिक रोजगारी विवरण ३९
तालिका ६.२: आ.व. २०८०/८१ को अर्धवार्षिक जिल्लागत रोजगारी विवरण ४०
तालिका ७.१ : लुम्बिनी प्रदेश सरकारको वित्त स्थिती ४३
तालिका ७.२ : छनौटमा परेका स्थानीय तहहरुको एकीकृत बजेट ४५
तालिका ७.३ : छनौटमा परेका स्थानीय तहहरुको खर्च स्थिति ४५
तालिका ७.४: छनौटमा परेका स्थानीय तहहरुको एकीकृत राजश्व ४६
तालिका ७.५: छनौटमा परेका स्थानीय तहहरुको राजश्व ४६
तालिका ७.६: छनौटमा परेका स्थानीय तहहरुको एकीकृत अनुदान तथा हस्तान्तरण ४७
तालिका ७.७ : छनौटमा परेका स्थानीय तहहरुको अनुदान तथा हस्तान्तरण ४७

## चार्ट-सूची

**पेज नं.**

चार्ट २.१: प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक वर्गीकरणको हिस्सा ५
चार्ट २.२: कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान ५
चार्ट २.३: प्रदेशगत जनसङ्ख्या वितरण ७
चार्ट २.४: प्रदेशगत जनसङ्ख्या वृद्धिदर ८
चार्ट ३.१: खाद्य तथा अन्य बालीको भू-क्षेत्रको अवस्था १०
चार्ट ३.२: खाद्य तथा अन्य बालीको उत्पादन अवस्था १२
चार्ट ३.३: वनजन्य उत्पादन अवस्था १५
चार्ट ३.४: कुल सिञ्चित क्षेत्रफलको अवस्था १५
चार्ट ४.१: औद्योगिक क्षमता उपयोग २०
चार्ट ४.२: औद्योगिक कर्जा २१
चार्ट ५.१: छनौटमा परेका होटलहरुको अकुपेन्सी दर २५
चार्ट ५.२: जिल्लागत बैंक तथा वित्तीय संस्थाका शाखा सङ्ख्याको अवस्था २६
चार्ट ५.३: जिल्लागत मोबाईल बैंकिङ्ग, ईन्टरनेट बैंकिङ्ग तथा शाखारहित बैंकिङ्ग सेवाको जिल्लागत हिस्सा २७
चार्ट ७.१: लुम्बिनी प्रदेशको बजेट खर्चको स्थिती ४४
चार्ट ७.२: लुम्बिनी प्रदेशको राजश्व परिचालनको स्थिती ४४

# कार्यकारी सारांश

लुम्बिनी प्रदेश अन्तर्गतका १२ जिल्लाहरुको स्थलगत भ्रमण तथा गैरस्थलगत माध्यमबाट तथ्याङ्क एवम् जानकारीहरु संकलन गरी यस कार्यालयले तयार गरेको आर्थिक वर्ष २०८०/८१ को अर्ध-वार्षिक (२०८० साउनदेखि २०८० पुससम्मको तथ्याङ्कमा आधारित) अध्ययन प्रतिवेदनको कार्यकारी सारांश निम्नानुसार प्रस्तुत गरिएको छ।

## कृषि क्षेत्र

१. आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनामा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १.०१ प्रतिशतले ह्रास आएतापनि उत्पादन १२.६३ प्रतिशतले वृद्धि भएको छ।

२. समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल गत अवधिको तुलनामा २.१२ प्रतिशतले वृद्धि भएको छ भने उत्पादन १.४१ प्रतिशतले ह्रास आएको छ।

३. समीक्षा अवधिमा फलफूल बालीले ढाकेको क्षेत्रफल गत अवधिको तुलनामा ७.९७ प्रतिशतले ह्रास आएतापनि उन्नत जातका बीउबिजन प्रयोगका कारण उत्पादन ७.४६ प्रतिशतले वृद्धि भएको छ।

४. समीक्षा अवधिमा मसला बालीले ढाकेको क्षेत्रफल गत अवधिको तुलनामा ४.४० प्रतिशत र उत्पादन २.११ प्रतिशतले वृद्धि भएको छ।

५. समीक्षा अवधिमा पशुपन्छी उत्पादनमध्ये दुध उत्पादन १०.९२ प्रतिशत, मासु ५.९१ प्रतिशत, अण्डा ७.३७ प्रतिशत र माछा १.१८ प्रतिशतले वृद्धि भएको छ।

६. संघीय र प्रादेशिक वन ऐन, २०७९ लागू भइसकेको र वन व्यवस्थापन कार्यको मापदण्ड, २०७९ लागू भएको तर साविकमा बैज्ञानिक वन भनी लागू भएका सामुदायिक वनहरुमा उक्त मापदण्ड बमोजिम संशोधन गरी कार्यान्वयन भएकाले समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठ उत्पादनमा ७९.२९ प्रतिशतले वृद्धि भएको छ।

७. अम्रिसो, चिउरी, तेजपात, सिन्का लगायतका वस्तुहरुको उत्पादन घटेको हुदाँ समीक्षा अवधिमा अन्य उत्पादनमा ४१.९६ प्रतिशतले ह्रास भएको छ।

८. २०८० पुस मसान्तसम्म यस प्रदेशको कुल खेती गरिएको क्षेत्रफलमा ३७.७३ प्रतिशत मात्र सिँचाइ सुविधा पुगेको छ।

९. २०८० पुस मसान्तमा लुम्बिनी प्रदेशमा बैंक तथा वित्तीय संस्थाले कृषि क्षेत्रमा प्रवाह गरेको कर्जा अघिल्लो बर्षको पुस मसान्तको तुलनामा ५.०५ प्रतिशतले ह्रास भएको छ भने कुल प्रवाहित कृषि कर्जामा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै ४०.८७ प्रतिशत र रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.२४ प्रतिशत मात्र रहेको छ।

## उद्योग क्षेत्र

१०. समीक्षा अवधिमा यस प्रदेशका उद्योगहरुको औसत क्षमता उपयोग ४५.९६ प्रतिशत रहेको छ। नमुना छनौटमा परेका उद्योगहरुमध्ये सबैभन्दा बढी गहुँको पिठो उत्पादन गर्ने उद्योगले ८३.९४ प्रतिशत र सबैभन्दा कम ड्राई सिरप औषधि उत्पादन गर्ने उद्योगले ७.२३ प्रतिशत क्षमता उपयोग गरेका छन्।

११. समीक्षा अवधिमा खाद्य उद्योग अन्तर्गत गहुँको पिठो तथा तोरीको तेलको उत्पादन क्रमशः ३०.७९ प्रतिशत र १२.२१ प्रतिशतले वृद्धि भएको छ।

१२. समीक्षा अवधिमा रसायन उत्पादन गर्ने उद्योग अन्तर्गत ड्राई सिरप तथा रोजिनको उत्पादन क्रमशः ८४.९८ प्रतिशत र २५.१० प्रतिशतले वृद्धि भएको छ भने साबुनको उत्पादन २८ प्रतिशतले ह्रास भएको छ ।

१३. समीक्षा अवधिमा बिजुलीका तार र केवलको उत्पादन ६०.७३ प्रतिशतले वृद्धि भएको छ ।

१४. समीक्षा अवधिमा प्लाईउड, सिन्थेटिक कपडा, कागज (अखबारी कागज बाहेक), मदिरा र सिमेण्टको उत्पादन क्रमशः ३१.४० प्रतिशत, १५.२२ प्रतिशत, ११.६७ प्रतिशत, ९.३८ प्रतिशत र २.२२ प्रतिशतले ह्रास भएको छ ।

१५. २०८० पुस मसान्तमा लुम्बिनी प्रदेशमा बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०७९ पुस मसान्तको तुलनामा ०.३३ प्रतिशतले ह्रास भएको छ ।

१६. २०८० पुस मसान्तमा औद्योगिक क्षेत्रमा प्रवाह भएको कर्जा अन्तर्गत कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगहरुमा वार्षिक बिन्दुगत रुपमा १५.०१ प्रतिशतले कर्जा वृद्धि भएको छ भने खानी सम्बन्धी उद्योगमा ६४.८५ प्रतिशतले ह्रास भएको छ ।

## सेवा क्षेत्र

१७. समीक्षा अवधिमा पर्यटकस्तरीय होटल शैया सङ्ख्यामा ०.५८ प्रतिशतले बढेको छ । त्यसैगरी, कोठा शैया बिक्री सङ्ख्या, प्रत्यक्ष रोजगारी सङ्ख्या र पर्यटक आगमन सङ्ख्यामा वृद्धि भएको छ भने अकुपेन्सीदरमा ह्रास आएको छ ।

१८. समीक्षा अवधिमा कुल घर/भवन स्थायी नक्सा पास सङ्ख्यामा ४.४१ प्रतिशतले वृद्धि भएको छ ।

१९. २०८० पुस मसान्तसम्ममा यस प्रदेशमा क, ख, ग र घ वर्गका गरी जम्मा २१९२ वटा बैंक तथा वित्तीय संस्थाका शाखाहरुका साथै २१२ वटा शाखा रहित बैंकिङ्ग सेवा सञ्चालनमा रहेका छन् ।

२०. २०८० पुस मसान्तसम्ममा यस प्रदेशको बैंक तथा वित्तीय संस्थाहरुमा ३७ लाख ६१ हजार ३१ मोबाईल बैंकिङ्ग सेवा र २ लाख ५९ हजार ४ सय ७५ ईन्टरनेट बैंकिङ्ग सेवा दर्ता भएका छन् ।

२१. २०८० पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेप २०७९ पुस मसान्तको तुलनामा २२.४६ प्रतिशतले वृद्धि भएको छ भने कुल कर्जा ६.०३ प्रतिशतले ह्रास भएको छ ।

२२. २०८० पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल सेवा क्षेत्र कर्जा २०७९ पुस मसान्तको तुलनामा ४.७१ प्रतिशतले ह्रास भई रु.१ खर्ब ९४ अर्ब ३२ करोड ४ लाख भएको छ ।

## पूर्वाधार क्षेत्र

२४. २०८० पुस मसान्तसम्ममा नारायणगढ बुटवल सडक (पश्चिम खण्ड) योजनाको भौतिक प्रगति ४२.४६ प्रतिशत र वित्तीय प्रगति २९.३४ प्रतिशत भएको छ ।

२५. २०८० पुस मसान्तसम्ममा सिद्धबाबा सुरुङ मार्ग आयोजनाको भौतिक प्रगति १०.४० प्रतिशत र वित्तीय प्रगति १५.२० प्रतिशत भएको छ ।

२५. २०८० पुस मसान्तसम्ममा सिक्टा सिँचाई आयोजनाको भौतिक प्रगति ३९.७६ प्रतिशत र वित्तीय प्रगति ३८.९६ प्रतिशत भएको छ ।

२६. २०८० पुस मसान्तसम्ममा बबई सिँचाई आयोजनाको भौतिक प्रगति ७२.२२ प्रतिशत र वित्तीय प्रगति ६९.३४ प्रतिशत भएको छ ।

# परिच्छेद १

# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले देशको बैकिङ्ग तथा वित्तीय क्षेत्रको नियमनकारी निकाय, नेपाल सरकारको आर्थिक सल्लाहकार एवम् देशको आन्तरिक तथा वाह्य क्षेत्र व्यवस्थापन गर्ने भूमिकामा रहेर मौद्रिक तथा विदेशी विनिमय नीति तर्जुमा तथा कार्यान्वयन मार्फत समष्टिगत आर्थिक व्यवस्थापन गर्ने जिम्मेवारी वहन गर्दै आएको छ । बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा भएका उद्देश्यहरु हासिल गर्ने क्रममा देशको आर्थिक नीति निर्माण गर्न सहयोग पुग्ने गरी नियमित रुपमा आर्थिक गतिविधि सम्बन्धी अध्ययन एवम् प्रतिवेदन तयार गरी प्रकाशन गर्दै आएको छ । यस्तो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन वार्षिक (साउनदेखि असार मसान्त) र अर्ध-वार्षिक (साउनदेखि पुस मसान्त) सम्म गरी एक आर्थिक वर्षमा २ पटक प्रकाशन गर्दै आएको छ ।

यसै सिलसिलामा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयले लुम्बिनी प्रदेशका १२ वटा जिल्लाहरुबाट तथ्याङ्क संकलन गरी आर्थिक वर्ष २०८०/८१ साउनदेखि पुस मसान्तसम्मको अर्ध-वार्षिक तथ्याङ्कको आधारमा यो प्रतिवेदन तयार गरेको छ । लुम्बिनी प्रदेशको आर्थिक गतिविधि अध्ययनका लागि आवश्यक तथ्याङ्क तथा सूचनाहरु नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयको कार्यक्षेत्र अन्तर्गतका नवलपरासी बर्दघाट सुस्ता पश्चिम (ब.सु.प.), रुपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची, प्यूठान र रोल्पा गरी ८ वटा जिल्लाहरुबाट र नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयको कार्यक्षेत्र अन्तर्गतका बाँके, बर्दिया, दाङ र रुकुमपूर्व गरी ४ जिल्लाहरुबाट संकलन गरी प्रतिवेदन तयार गरिएको छ ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

- लुम्बिनी प्रदेशको प्रादेशिक संरचना अनुसारको आर्थिक गतिविधि अध्ययन/विश्लेषण गरी सोको प्रतिवेदन तयार गर्ने ।
- आर्थिक वर्ष २०८०/८१ को साउन देखि पुस मसान्तसम्ममा लुम्बिनी प्रदेशको कृषि, उद्योग, सेवा, पूर्वाधार, पर्यटन, रोजगारी र सरकारी वित्त लगायतका क्षेत्रहरुको वस्तुस्थिति र यसमा भइरहेको परिवर्तनको अध्ययन तथा विश्लेषण गर्ने ।
- लुम्बिनी प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको आगामी अवधिको आर्थिक परिदृष्य पहिचान तथा विश्लेषण गर्ने ।
- लुम्बिनी प्रदेशको अर्थतन्त्रका प्रादेशिक संम्भावना तथा चुनौतीहरु पहिचान तथा विश्लेषण गर्ने ।

## १.३ अध्ययन विधि

यस प्रतिवेदनमा आर्थिक वर्ष २०८०/८१ को साउनदेखि पुस मसान्तसम्ममा लुम्बिनी प्रदेशमा भएका प्रमुख आर्थिक गतिविधिहरुको विश्लेषण गरिएको छ । मुख्यगरी कृषि, उद्योग, सेवा, पूर्वाधार, पर्यटन, रोजगारी र सरकारी वित्त लगायतका क्षेत्रहरुको स्थिति र आवधिक परिवर्तन लगायत राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको हिस्सा एवं आगामी परिदृष्य प्रतिवेदनमा समावेश गरिएको छ । समग्रमा देहाय बमोजिमको अध्ययन विधि यस प्रतिवेदनले अंगालेको छ ।

- नेपाल राष्ट्र बैंकबाट जारी भएको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन,२०७६ (प्रथम संशोधन, २०७९)" अनुसार यस प्रदेशका विभिन्न मन्त्रालय तथा मातहतका निकायहरु, निर्देशनालयहरुका साथै जिल्ला स्थित तोकिएका कार्यालयहरु, निजी उद्योग तथा प्रतिष्ठानहरुबाट स्थलगत तथा गैर-स्थलगत माध्यमबाट तथ्याङ्क तथा सूचनाहरु संकलन गरिएको छ ।

- संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सम्बन्धित जिल्लास्थित कृषि ज्ञान केन्द्रहरु, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरु, जिल्ला वन कार्यालयहरुबाट कृषि, वन र पशुपालन लगायतका तथ्याङ्क सङ्कलन गरिएको छ ।
- नमूना छनौटमा परेका उद्योगहरुमध्ये रुपन्देहीबाट १२, नवलपरासी(ब.सु.प.)बाट २, दाङबाट २, बाँकेबाट ९ र बर्दियाबाट २ गरी जम्मा २७ वटा उद्योगहरुबाट स्थलगत भ्रमण तथा विद्युतीय माध्यमबाट उद्योग सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ ।
- खाद्य तथा अन्य बाली अन्तर्गतका धान, गहुँ, मकै, कोदो, जौं र फापरले ढाकेको क्षेत्रफल र उत्पादन, कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा सङ्ख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन सङ्ख्या र सो बापतको राजस्व रकमसँग सम्बन्धित तथ्याङ्क नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग, काठमाडौंबाट प्राप्त गरिएको छ ।
- नमूना छनौटमा परेका १२ वटा पर्यटक स्तरीय होटलहरुको स्थलगत सर्वेक्षण, अध्यागमन कार्यालयहरु, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, होटल व्यवसायी संघ प्रदेश कार्यालयबाट पर्यटनसँग सम्बन्धित तथ्याङ्क संकलन गरिएको छ ।
- सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न यस प्रदेशका १३ वटा बचत तथा ऋण सहकारी संस्थाहरुको नमूना छनौट गरी विवरण संकलन गरिएको छ ।
- मनिचेञ्जर तथा विदेशी मुद्रा सटही, फण्ड ट्रान्सफर, परिवर्त्य विदेशी मुद्रा तथा भारतीय मुद्रा खरिद/बिक्री सम्बन्धी विवरण नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयबाट लिइएको छ ।
- प्रादेशिक सरकारी वित्त सम्बन्धी विवरण प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र वैदेशिक व्यापार सम्बन्धी विवरण सम्बन्धित जिल्लाका भन्सार कार्यालयहरुबाट प्राप्त गरिएको छ ।
- प्रदेश सरकारको कार्यक्रम तथा परियोजना, स्थानीय तहको कार्यक्रम तथा परियोजनाहरुको कार्यान्वयन सम्बन्धी विवरण लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय तथा छनौटमा परेका ५ वटा स्थानीय तहहरुबाट लिइएको छ ।
- लुम्बिनी प्रदेशमा पूर्वाधारसँग सम्बन्धित स्थापित एवम् हालसालै घोषणा गरिएका राष्ट्रिय गौरवका आयोजना, निजी क्षेत्रका आयोजना तथा केन्द्रीयस्तरका आयोजनाहरु मध्ये नमूना छनौटमा परेका ४ वटा आयोजनाहरुको भौतिक तथा वित्तीय प्रगति, आसपासका क्षेत्रमा पारेको प्रभाव र समस्या तथा चुनौतीहरु सम्बन्धी तथ्याङ्क संकलन गरी अध्ययन प्रतिवेदनमा समेटिएको छ ।
- स्थलगत सर्वेक्षणबाट प्राप्त प्राथमिक तथ्याङ्क र विभिन्न स्रोतबाट प्राप्त द्धितीय तथ्याङ्कहरु Statistical Tools का आधारमा व्याख्यात्मक विधि (Descriptive Method)को प्रयोग गरी विश्लेषण गरिएको छ ।

## १.४ अध्ययनको सीमा

यो अध्ययन "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९)" ले तोकेको तथ्याङ्क प्रदायक निकायहरुबाट प्राप्त तथ्याङ्कमा आधारित रहेको छ। देश प्रादेशिक संरचनामा गए पश्चात् तथ्याङ्क प्रदायक निकायहरुको समेत पुनरसंरचना भएकोले तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्य अझै पनि निरन्तर रहेकाले पूर्ण एवं अद्यावधिक तथ्याङ्क प्राप्त गर्न अझै कठिनाई रहेको छ । मुख्यतः देहायको सीमाभित्र रहेर यो प्रतिवेदन तयार गरिएको छ ।

- छानिएका २७ वटा उद्योगहरुबाट मात्र प्राप्त तथ्याङ्क एवं सूचनाहरुको आधारमा उद्योग क्षेत्रको विश्लेषण गरिएको छ ।
- लुम्बिनी प्रदेशका ३६ वटा स्थानीय तहहरु (उप महानगरपालिका/नगरपालिका ) बाट घरनक्सा पास तथा ५ वटा ठूला स्थानीय तहहरुको मात्र वित्त स्थितिको तथ्याङ्क संकलन गरिएको छ ।

- पर्यटन क्षेत्र अन्तर्गत होटलको अकुपेन्सीदर तथा रोजगारी विश्लेषण गर्न १२ वटा पर्यटक स्तरीय होटल छनौट गरिएको छ भने सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न १३ वटा बचत तथा ऋण सहकारी संस्थाहरु मात्र छनौट गरिएको छ ।

## १.५ अध्ययन प्रतिवेदनको ढाँचा

यस अध्ययनलाई ८ वटा परिच्छेदमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा अध्ययन परिचय, परिच्छेद २ मा प्रदेशको तुलनात्मक स्थिति, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र, परिच्छेद ६ मा पूर्वाधार र रोजगारी, परिच्छेद ७ मा प्रादेशिक कार्यक्रम तथा योजना र परिच्छेद ८ मा आर्थिक परिदृष्यसँग सम्बन्धित तथ्याङ्क, सूचना र विश्लेषण प्रस्तुत गरिएको छ ।

# परिच्छेद २

## प्रदेशको तुलनात्मक स्थिति

कृषि तथा औद्योगिक उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याउने लुम्बिनी प्रदेशको कुल क्षेत्रफल २२ हजार २ सय ८८ वर्ग किलोमिटर रहेको छ, जुन नेपालको कुल क्षेत्रफलको १५.१ प्रतिशत हिस्सा हो । यस प्रदेशमा १२ जिल्लाहरु रहेका छन्, जसअन्तर्गत ४ उप-महानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कुल १ सय ९ वटा स्थानीय तहहरु रहेका छन् ।


यस परिच्छेदमा लुम्बिनी प्रदेशको भूभाग, जनसङ्ख्या, राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको योगदान, कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत स्थिति, अन्तर प्रदेश तुलना र प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती समावेश गरिएको छ ।

### २.१ राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करिव  रु.८ खर्ब १४ अर्ब रहने अनुमान छ । गत आर्थिक वर्ष यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु.७ खर्ब ६४ अर्ब रहेको अनुमान छ । आर्थिक वर्ष २०८०/८१ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ४.०५ प्रतिशत पुग्ने अनुमान रहेको छ भने गत आर्थिक वर्ष यस्तो वृद्धिदर १.९९ प्रतिशत रहेको अनुमान छ । आर्थिक वर्ष २०८०/८१ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको १४.२६ प्रतिशत योगदान रहने अनुमान रहेको छ ।

लुम्बिनी प्रदेशमा चालु आ.व २०८०/८१ मा कुल मूल्य अभिवृद्धि वृद्धिदर सबैभन्दा धेरै विद्युत क्षेत्रको २८.९३ प्रतिशत रहने अनुमान गरिएको छ भने सबैभन्दा कम उत्पादनमूलक उद्योगमा -१.४३ प्रतिशत हुने अनुमान गरिएको छ । त्यसैगरी गत आ.व. २०७९/८० मा कुल मूल्य अभिवृद्धि वृद्धिदर सबैभन्दा धेरै विद्युत क्षेत्रको २०.५७ प्रतिशत र सबैभन्दा कम थोक तथा खुद्रा व्यापार र मोटर भेहिकल मर्मत क्षेत्रको -३.१४ प्रतिशत रहने अनुमान गरिएको थियो ।

कार्यालयका अनुसार औद्योगिक वर्गीकरणका आधारमा प्रादेशिक अर्थतन्त्रमा कृषि, वन तथा मत्स्य क्षेत्रको योगदान सबैभन्दा बढी २९.६ प्रतिशत रहने अनुमान रहेको छ भने सबैभन्दा कम सूचना तथ सञ्चार क्षेत्रको २.१ प्रतिशत रहने अनुमान रहेको छ (**चार्ट २.१**) ।





*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

## २.२ अन्तरप्रदेश तुलना

### कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान

आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु.५७ खर्ब ५ अर्ब रहने अनुमान छ। मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशले सबैभन्दा धेरै ३६.४ प्रतिशत र कर्णाली प्रदेशले सबैभन्दा कम ४.३ प्रतिशत योगदान पुऱ्याउने प्रारम्भिक अनुमान रहेको छ (**चार्ट २.२**)। त्यस्तै, लुम्बिनी प्रदेशले १४.३ प्रतिशत योगदान पुऱ्याउने प्रारम्भिक अनुमान छ।




*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

## प्रदेशगत आर्थिक वृद्धिदर

आर्थिक वर्ष २०८०/८१ को प्रदेशगत रुपमा उपभोक्ताको मूल्यमा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर तुलना गर्दा सबैभन्दा धेरै गण्डकी प्रदेशको ४.५५ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशको ३.३९ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। त्यस्तो वृद्धिदर **लुम्बिनी प्रदेशको ४.०५ प्रतिशत** रहने अनुमान छ। अघिल्लो वर्षको सोही अवधिमा प्रदेशगत आर्थिक वृद्धिदरको संशोधित अनुमान गण्डकी प्रदेशको सबैभन्दा धेरै ३.३० प्रतिशत रहेको थियो भने मधेश प्रदेशको सबैभन्दा कम १.५० प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धिदर ३.८७ प्रतिशत पुग्ने प्रारम्भिक अनुमान रहेको छ भने गत आर्थिक वर्ष नेपालको संशोधित आर्थिक वृद्धिदर १.९५ प्रतिशत रहेको थियो (**तालिका २.१**)।

**तालिका २.१: प्रदेशगत आर्थिक वृद्धिदर (प्रतिशतमा)**

| प्रदेश | २०७९/८०(संशोधित अनुमान) | २०८०/८१(प्रारम्भिक अनुमान) |
|---|---|---|
| कोशी | २.१३ | ३.५१ |
| मधेश | १.५० | ३.७८ |
| बागमती | १.७७ | ३.९६ |
| गण्डकी | ३.३० | ४.५५ |
| **लुम्बिनी** | **१.९९** | **४.०५** |
| कर्णाली | १.९६ | ३.३९ |
| सुदूरपश्चिम | १.५२ | ३.४१ |
| **नेपाल** | **१.९५** | **३.८७** |

*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

## कृषि, उद्योग तथा सेवा क्षेत्रको प्रदेशगत स्थिति


आर्थिक वर्ष २०८०/८१ मा प्रदेशगत रुपमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको तुलना गर्दा सबैभन्दा बढी योगदान मधेश प्रदेशको ३५.३ प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशको १२.० प्रतिशत रहने अनुमान गरिएको छ। उद्योग क्षेत्रको योगदान गण्डकी प्रदेशमा सबैभन्दा बढी १६.८ प्रतिशत र बागमती प्रदेशमा सबैभन्दा कम १०.६ प्रतिशत हुने अनुमान रहेको छ। सेवा क्षेत्रको योगदान बागमती प्रदेशमा सबैभन्दा बढी ७७.४ प्रतिशत र कोशी प्रदेशमा सबैभन्दा कम ५०.९ प्रतिशत हुने अनुमान रहेको छ। त्यसैगरी, कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेशको कृषि, उद्योग तथा सेवा क्षेत्रको योगदान क्रमशः ३०.२ प्रतिशत, १३.५ प्रतिशत र ५६.३ प्रतिशत रहने अनुमान गरिएको छ (**तालिका २.२**)।

| तालिका २.२: राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान (आ.व.२०८०/८१) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **आर्थिक परिसूचक/प्रदेश** | **कोशी** | **मधेश** | **बागमती** | **गण्डकी** | **लुम्बिनी** | **कर्णाली** | **सुदूरपश्चिम** | **नेपाल** |
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ९०३.०५ | ७४८.३६ | २,०७४.४१ | ५१६.७० | **८१४.०४** | २४३.९९ | ४०४.२९ | ५,७०४.८४ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | ३३.२ | ३५.३ | १२.० | २६.४ | **३०.२** | २९.७ | ३३.२ | २४.६ |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १५.९ | १०.८ | १०.६ | १६.८ | **१३.५** | ९.५ | १२.५ | १२.५ |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | ५०.९ | ५३.९ | ७७.४ | ५६.८ | **५६.३** | ६०.८ | ५४.३ | ६२.९ |

*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

## प्रदेशगत जनसङ्ख्या वितरण


राष्ट्रिय जनगणना, २०७८ अनुसार मुलुकको कुल जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ रहेको छ । जसमा लुम्बिनी प्रदेशको जनसङ्ख्या कुल ५१ लाख २२ हजार ७८ जना रहेको छ । प्रदेशगत रुपमा जनसङ्ख्याको वितरण हेर्दा कुल जनसङ्ख्यामा सबैभन्दा धेरै मधेश र बागमती प्रदेशको २१ प्रतिशत हिस्सा रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.८ प्रतिशत रहेको छ । यसैगरी, लुम्बिनी प्रदेश, कोशी प्रदेश, सुदूरपश्चिम प्रदेश र गण्डकी प्रदेशको हिस्सा क्रमशः १७.६ प्रतिशत, १७ प्रतिशत, ९.२ प्रतिशत र ८.५ प्रतिशत रहेको छ (**चार्ट:२.३**) ।




*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

## जनसङ्ख्या वृद्धिदर

वि.सं. २०६८–२०७८ को अवधिमा **नेपालको जनसङ्ख्या १०.०८ प्रतिशतले वृद्धि** भएको देखिन्छ । उक्त अवधिको सरदर **वार्षिक वृद्धिदर (Exponential Growth) ०.९२ प्रतिशत** रहेको छ । प्रदेशगत रुपमा हेर्दा २०६८ देखि २०७८ को एक दशकमा वार्षिक जनसङ्ख्या वृद्धिदर सबैभन्दा धेरै लुम्बिनी प्रदेशमा १.२४ प्रतिशत र सबैभन्दा कम गण्डकी प्रदेशमा ०.२५ प्रतिशत रहेको छ (**चार्ट: २.४**) ।




*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

## लैङ्गिक अनुपात र जनघनत्व

राष्ट्रिय जनगणना, २०७८ अनुसार सात वटा प्रदेशहरुमध्ये सबै भन्दा धेरै मधेश प्रदेशको १००.५५ र सबै भन्दा कम सुदूरपश्चिम प्रदेशको ८९.५१ लैङ्गिक अनुपात ***(प्रति १०० महिलामा पुरुषको सङ्ख्या)*** रहेको छ भने लुम्बिनी प्रदेशमा यो अनुपात ९२.०१ रहेको छ । यसै गरी प्रदेशगत जनघनत्व विश्लेषण गर्दा सबै भन्दा धेरै मधेश प्रदेशमा ६३३ र सबै भन्दा कम कर्णाली प्रदेशमा ६० जना प्रति वर्ग किलोमिटरमा बसोबास गरेको देखिन्छ भने लुम्बिनी प्रदेशमा २३० जना प्रति वर्ग किलोमिटरमा बसोबास गरेको देखिन्छ (**तालिका :२.३**) ।

**तालिका २.३: लैङ्गिक अनुपात र जनघनत्वको प्रदेशगत अवस्था**

| विवरण | लैङ्गिक अनुपात | जनघनत्व |
|---|---|---|
| कोशी | ९५.०२ | १९२ |
| मधेश प्रदेश | १००.५५ | ६३३ |
| बागमती प्रदेश | ९९.३६ | ३०१ |
| गण्डकी प्रदेश | ९०.३७ | ११५ |
| **लुम्बिनी प्रदेश** | **९२.०१** | **२३०** |
| कर्णाली प्रदेश | ९५.२७ | ६० |
| सुदूरपश्चिम प्रदेश | ८९.५१ | १३८ |

*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### प्रादेशिक क्षमता र सम्भावना

- रुपन्देहीमा सञ्चालनमा आएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन हुनसकेमा आन्तरिक तथा बाह्य पर्यटकको आवागमनमा वृद्धि भई होटल तथा रेष्टुरेण्ट लगायतका क्षेत्रमा थप लगानी अभिवृद्धि हुने सम्भावना रहेको ।
- कृषिका लागि उपयुक्त क्षेत्रहरु पहिचान गरी सामूहिक रुपमा प्याकेजमा कार्यक्रमहरु मार्फत् युवाहरुलाई आकर्षित गर्न सकेमा कृषि उपजमा प्रदेश आत्मनिर्भर भई अन्य प्रदेशमा समेत निर्यात गर्न सक्ने सम्भावना रहेको ।
- यस प्रदेशका विभिन्न स्थानहरुमा पछिल्लो समयमा भएका व्यावसायिक अकबरे खुर्सानी खेती, अम्रिसो खेती, पशुपन्छी पालन, माछापालन तथा मौरीपालन लगायतका क्षेत्रहरु थप विस्तार हुने सम्भावना रहेको ।
- यस प्रदेशमा रहेका हाल न्यून क्षमतामा सञ्चालित उद्योगहरुलाई पूर्ण क्षमतामा सञ्चालन हुने वातावरण तयार गर्न सकेमा उत्पादनमा वृद्धि भइ थप रोजगारी सिर्जना हुनुका साथै भारतमा समेत निर्यात हुने सम्भावना रहेको ।
- यस प्रदेशमा रहेका प्रमुख धार्मिक तथा ऐतिहासिक स्थलहरुको प्रचारप्रसार गर्दै पर्यटन सर्किटको रुपमा जोड्न सके पर्यटन क्षेत्रको विकास भई रोजगारी सिर्जना हुने उच्च सम्भावना रहेको ।
- भैरहवा विशेष आर्थिक क्षेत्र (SEZ) मा उद्योग सञ्चालनका लागि नीतिगत सुधार गरी थप उद्योगहरु स्थापना गर्न सकिएमा आयात प्रतिस्थापन हुने सम्भावना रहेको ।

### प्रादेशिक चुनौती

- भारत लगायत तेस्रो मुलुकहरुबाट लुम्बिनी भ्रमणमा आउने पर्यटकहरुको बसाइ अवधि लम्ब्याउने कार्य ।
- मल, बीउबिजन, प्रविधि लगायतका कृषि सामाग्रीहरुको सुलभ दरमा उपलब्ध गराई कृषि उपजहरुलाई भारतबाट आयात हुने कृषि उपजसंग प्रतिष्पर्धी बनाउने कार्य ।
- युवा जनशक्तिहरुमा प्राविधिक ज्ञान/सीप विकास गरी बजारमा हुने श्रमको माग र आपूर्तिको सन्तुलन मिलाउने कार्य ।
- भैरहवा विशेष आर्थिक क्षेत्र (SEZ) मा ७ वटा मात्र उद्योगहरु सञ्चालनमा रहेकोले उक्त क्षेत्रमा थप उद्योगहरु स्थापना गरी पूर्ण क्षमतामा लैजाने कार्य ।
- यस प्रदेशमा निर्माणाधीन अर्घा-भगवती विमानस्थल, सिद्धबाबा सुरुङ्ग मार्ग, सिँचाई आयोजनाहरु, औद्योगिक क्षेत्र र भेरी बबई डाईभर्सन लगायतका आयोजनाहरु तोकेको समय अवधिमा निर्माण सम्पन्न गर्ने कार्य ।
- यस प्रदेशमा बढ्दै गएको औद्योगिकरण, शहरीकरणका कारण प्रदुषण नियन्त्रण गर्न तथा उत्पादित फोहरमैला व्यवस्थापन गर्ने कार्य ।


## परिच्छेद ३

## कृषि क्षेत्र

### ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

#### खाद्य तथा अन्य बाली

लुम्बिनी प्रदेशमा समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा १.०१ प्रतिशतले ह्रास भई ७ लाख ७२ हजार २ सय ८१ हेक्टर कायम भएको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल २.९३ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल मध्ये धान, गहु कोदो, जौ, आलु, भटमास र तेलहन बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने फापर, मकै, उखु र दलहन बालीले ढाकेको क्षेत्रफलमा ह्रास आएको छ ***(चार्ट ३.१)***।




*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

जिल्लागत विश्लेषण गर्दा समीक्षा अवधिमा यस प्रदेशमा खाद्य तथा अन्न बालीले ढाकेको क्षेत्रफलमा सबैभन्दा धेरै हिस्सा बर्दिया जिल्लाको १४.७६ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको १.५१ प्रतिशत रहेको छ (**तालिका ३.१**) ।

#### तरकारी बाली

समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा २.१२ प्रतिशतले वृद्धि भई ३८ हजार ४२ हेक्टर पुगेको छ भने गत वर्ष पनि यसको क्षेत्रफल सोही अवधिमा ५.२२ प्रतिशतले बढेको थियो । जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा तरकारी बालीले ढाकेको कुल भू-क्षेत्रफलमा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको १७.२९ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको १.५९ प्रतिशत हिस्सा रहेको छ (**तालिका ३.१**) ।

#### फलफूल

समीक्षा अवधिमा फलफूलले ढाकेको क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा ७.९७ प्रतिशतले ह्रास भई १७ हजार ४ सय ४४ हेक्टर कायम भएको छ । समीक्षा अवधिमा फलफूलले ढाकेको क्षेत्रफलमध्ये सुन्तलाले ढाकेको क्षेत्रफलमा मात्र केही वृद्धि भएको छ भने अन्य फलफूलहरुले ढाकेको क्षेत्रफलमा ह्रास आएको छ । जिल्लागत

रुपमा विश्लेषण गर्दा यस प्रदेशमा फलफूलले ढाकेको क्षेत्रफलमा सबैभन्दा बढी हिस्सा नवलपरासी (ब.सु.प) जिल्लाको १८.३४ प्रतिशत र सबैभन्दा कम अर्घाखाँची जिल्लाको ३.०४ प्रतिशत रहेको छ (**तालिका ३.१**) ।

### मसला

समीक्षा अवधिमा मसलाले ढाकेको क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा ४.४० प्रतिशतले वृद्धि भई १० हजार २ सय ७४ हेक्टर पुगेको छ । समीक्षा अवधिमा मसलाले ढाकेको क्षेत्रफलमध्ये लसुन, अलैची र बेसारले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने अदुवा, प्याज र अन्य मसलाले ढाकेको क्षेत्रफलमा ह्रास आएको छ । जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा मसलाले ढाकेको क्षेत्रफलमा सबैभन्दा बढी हिस्सा पाल्पा जिल्लाको १५.७१ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको ३.३० प्रतिशत रहेको छ (**तालिका ३.१**) ।

**तालिका ३.१: कृषि उपजले ढाकेको भू–क्षेत्रको जिल्लागत हिस्सा (प्रतिशतमा)**


| जिल्ला | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल | मसला |
|---|---|---|---|---|
| रुकुमपूर्व | १.५१ | १.५९ | ५.०४ | ३.३० |
| रोल्पा | ३.९१ | ४.१३ | ६.९५ | ११.७७ |
| प्यूठान | ४.३४ | ३.३ | ६.१५ | ६.६७ |
| गुल्मी | ५.६८ | २.८५ | ४.९ | ५.२१ |
| अर्घाखाँची | ४.३३ | ४.०७ | ३.०४ | ६.११ |
| पाल्पा | ५.४६ | ३.९२ | ८.८५ | **१५.७१** |
| नवलपरासी(ब.सु.प) | ५.६८ | ५.६३ | **१८.३४** | ७.४२ |
| रुपन्देही | १३.९९ | **१७.२९** | ६.५९ | ५.४१ |
| कपिलवस्तु | १४.७२ | ८.५९ | ११.९८ | ७.८८ |
| दाङ | १४.०८ | १७.१७ | १०.१८ | १३.७५ |
| बाँके | ११.५६ | १५.३८ | ६.१३ | ७.५६ |
| बर्दिया | **१४.७६** | १६.०९ | ११.८४ | ९.२१ |

*स्रोतः अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

## ३.२ कृषि उत्पादन

### खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन गत वर्षको सोही अवधिको तुलनामा १२.६३ प्रतिशतले वृद्धि भई ३१ लाख २६ हजार ७ सय २१ मेट्रिक टन भएको छ भने गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १०.५५ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको कुल उत्पादनमध्ये तेलहन, उखु, कोदो, आलु, धान, भटमास र गहुँ बालीको उत्पादनमा वृद्धि भएको छ भने, फापर, जौ, दलहन र मकै बालीको उत्पादनमा ह्रास आएको छ । जग्गा प्लटिङले गर्दा क्षेत्रफल घटेतापनि उन्नत जातको धान र उखु लगाइएका कारणले उत्पादन बढेको छ (**चार्ट ३.२**) ।




*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

यस प्रदेशमा खाद्य तथा अन्य बालीको जिल्लागत उत्पादन विश्लेषण गर्दा सबैभन्दा धेरै योगदान कपिलवस्तु जिल्लाको १८.५९ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको ०.९६ प्रतिशत योगदान रहेको छ (**तालिका ३.२**) ।

## तरकारी बाली

समीक्षा अवधिमा तरकारी बालीको उत्पादन गत वर्षको सोही अवधिको तुलनामा १.४१ प्रतिशतले ह्रास भई ४ लाख ६४ हजार ७ सय ४५ मेट्रिक टन भएको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ६.७२ प्रतिशतले वृद्धि भएको थियो । जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा तरकारी बालीको उत्पादनमा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको २३.१७ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको १.५८ प्रतिशत रहेको छ (**तालिका ३.२**) ।

## फलफूल

समीक्षा अवधिमा यस प्रदेशमा फलफूलको उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ७.४६ प्रतिशतले वृद्धि भई १ लाख ६६ हजार ९ सय २० मेट्रिक टन भएको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १३.९८ प्रतिशतले वृद्धि भएको थियो । जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा फलफूल उत्पादनमा सबैभन्दा बढी हिस्सा नवलपरासी(ब.सु.प) जिल्लाको ३७.४८ प्रतिशत र सबैभन्दा कम रुकुम पूर्व जिल्लाको १.७७ प्रतिशत रहेको छ (**तालिका ३.२**) ।

## मसला

समीक्षा अवधिमा मसलाको उत्पादन गत वर्षको सोही अवधिको तुलनामा २.११ प्रतिशतले वृद्धि भई ८९ हजार ३ सय ३५ मेट्रिक टन भएको छ । मसला अन्तर्गत प्याज, अदुवा र बेसार उत्पादनमा वृद्धि भएको छ भने लसुन, अलैची र अन्य मसलाको उत्पादनमा ह्रास आएको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १६.२८ प्रतिशतले वृद्धि भएको थियो ।

जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा मसला उत्पादनमा सबैभन्दा बढी हिस्सा पाल्पा जिल्लाको १८.४५ प्रतिशत र सबैभन्दा कम रुकुम पूर्व जिल्लाको १.०० प्रतिशत रहेको छ (**तालिका ३.२**) ।

| तालिका ३.२: कृषि उपज उत्पादनको जिल्लागत हिस्सा (प्रतिशतमा) | | | | |
|---|---|---|---|---|
| जिल्ला | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल | मसला |
| रुकुमपूर्व | ०.९६ | १.५८ | १.७७ | १.०० |
| रोल्पा | २.७५ | ४.४ | ६.७ | ९.३७ |
| प्यूठान | ३.५ | ३.०६ | ३.९८ | १३.२३ |
| गुल्मी | ४.४५ | २.७१ | ५.४४ | ६.८२ |
| अर्घाखाँची | ३.७३ | १.९३ | ३.४४ | ७.६१ |
| पाल्पा | ३.९८ | ५.०३ | ८.७६ | **१८.४५** |
| नवलपरासी (ब.सु.प.) | १०.४४ | * | **३७.४८** | १.७८ |
| रुपन्देही | १४.८२ | **२३.१७** | २.७४ | १.७५ |
| कपिलवस्तु | **१८.५९** | ११.७६ | १२.८ | ६.३६ |
| दाङ | ११.२५ | १९.८१ | ३.४७ | ७.०७ |
| बाँके | ११.३५ | २३.०८ | ५.७६ | १२.५६ |
| बर्दिया | १४.२ | ३.४६ | ७.६५ | १४.०१ |

*स्रोतः अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

*** तथ्याङ्क संकलन नभएको**

## ३.३ पशुपन्छी तथा माछा उत्पादन

### दुध उत्पादन

समीक्षा अवधिमा दुध उत्पादन गत वर्षको सोही अवधिको तुलनामा १०.९२ प्रतिशतले वृद्धि भई ३ लाख २९ हजार ९ सय २९ हजार लिटर पुगेको छ भने गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ८.२८ प्रतिशतले ह्रास भएको थियो । कपिलवस्तु, बाँके, पाल्पा प्युठान लगायतका जिल्लाहरुमा व्यावसायिक भैसी पालनमा वृद्धि तथा नश्ल सुधार र उन्नत पशु संख्या बढेकाले समीक्षा अवधिमा गत वर्षको सोही अवधिको तुलनामा दुध उत्पादनमा वृद्धि भएको हो ।

जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशको दुधको उत्पादनमा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको २६.७७ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको ०.१६ प्रतिशत रहेको छ (**तालिका ३.३**) ।

### मासु उत्पादन

समीक्षा अवधिमा मासुको उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ५.९१ प्रतिशतले वृद्धि भई ६७ हजार ५ सय ३७ मेट्रिक टन पुगेको छ भने गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ११.६५ प्रतिशतले ह्रास भएको थियो । बाँके, रुकुमपूर्व, रोल्पा, पाल्पा लगायतका जिल्लाहरुमा व्यावसायिक भैसी पालन कार्यक्रम सञ्चालन हुनुका साथै कुखुरा/हास पालनमा अनुदान प्रदान गर्ने व्यवस्था हुनाले मासु उत्पादन अन्तर्गत कुखुरा/हास र भैसी/राँगाको मासु उत्पादन बढ्न गई गत वर्षको सोही अवधिको तुलनामा समग्र मासु उत्पादनमा वृद्धि देखिएको हो ।

समीक्षा अवधिमा मासु उत्पादनमध्ये कुखुरा/हाँस र भैसी/राँगोको मासु उत्पादन गत वर्षको सोही अवधिको तुलनामा क्रमशः ३६.०८ प्रतिशत र ३.६५ प्रतिशतले वृद्धि भएको छ भने सुँगुर/बंगुर र खसी/बोका/भेडाको मासु उत्पादनमा क्रमश ३.६९ प्रतिशत र ०.६८ प्रतिशतले ह्रास आएको छ ।

जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा कुल मासु उत्पादनमा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको २५.२१ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको ०.८३ प्रतिशत रहेको छ (**तालिका ३.३**) ।

**तालिका ३.३ दुध तथा मासु उत्पादनको जिल्लागत हिस्सा (प्रतिशतमा)**

| जिल्ला | दुध | मासु | जिल्ला | दुध | मासु |
|---|---|---|---|---|---|
| रुकुमपूर्व | ०.१६ | ०.८३ | नवलपरासी (ब.सु.प) | ३.८३ | ३.२९ |
| रोल्पा | २.४१ | २.४४ | रुपन्देही | **२६.७७** | **२५.२१** |
| प्यूठान | ३.२३ | ४.९८ | कपिलवस्तु | ९.०९ | ९.१६ |
| गुल्मी | ७.९४ | ४.७५ | दाङ | १३.२८ | १८.७९ |
| अर्घाखाँची | ४.३५ | १.७२ | बाँके | १३ | १५.१९ |
| पाल्पा | ८.४५ | ७.६९ | बर्दिया | ७.४९ | ५.९५ |

*स्रोत: अध्ययनमा समेटिएका भेटेरिनरी अस्पतालहरु*

### अण्डा उत्पादन


समीक्षा अवधिमा अण्डा उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ७.३७ प्रतिशतले वृद्धि भई ८.८४ करोड गोटा भएको छ भने गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १४.९४ प्रतिशतले ह्रास भएको थियो । कपिलवस्तु बाँके र प्युठान जिल्लामा लायर्स फर्मको संख्यामा उच्च वृद्धिका कारण अण्डाको उत्पादनमा वृद्धि आएको हो ।

### माछा उत्पादन

समीक्षा अवधिमा माछा उत्पादन गत वर्षको सोही अवधिको तुलनामा १.१८ प्रतिशतले वृद्धि भई ७ हजार ५ सय ४६ मेट्रिक टन पुगेको छ भने गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १८.५१ प्रतिशतले वृद्धि भएको थियो ।

## ३.४ वनजन्य उत्पादन


आर्थिक वर्ष २०७९/८० देखि संघीय वन नियमावली, २०७९ तथा प्रदेश वन (पहिलो संशोधन) नियमावली, २०८० लागू भएकाले काठ/दाउरा निकासी इजाजतको बाटो खुल्ला एवम् काठको मूल्याङ्कन गर्ने सुत्रमा परिवर्तन भएको कारणले समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ७९.२९ प्रतिशतले वृद्धि भई ९ लाख १ हजार ४ सय २२ क्यूविक फिट पुगेको छ भने दाउरा उत्पादन ७८.४६ प्रतिशतले वृद्धि भई १ हजार ७ सय २१ चट्टा पुगेको छ । गत वर्षको सोही अवधिमा काठको उत्पादन ४०.४३ प्रतिशत र दाउराको उत्पादन ३९.५९ प्रतिशतले घटेको थियो । त्यसैगरी, समीक्षा अवधिमा औषधीजन्य वस्तु उत्पादन १७.११ प्रतिशत र अन्य उत्पादन ४१.९६ प्रतिशतले ह्रास भएको छ । गत वर्षको सोही अवधिमा औषधीजन्य वस्तु उत्पादन ३.५७ प्रतिशतले घटेको थियो भने अन्य उत्पादन १२३.५९ प्रतिशतले बढेको थियो । अन्य उत्पादन जस्तैः अम्रिसो, चिउरी, खोटो, तेजपात, सिन्का लगायतका वस्तुहरुको उत्पादन घटेको हुँदा अन्य उत्पादनमा ह्रास भएको छ (**चार्ट ३.३**) ।




*स्रोतः अध्ययनमा समेटिएका वन कार्यालयहरु*

## ३.५ सिँचाई

समीक्षा अवधिमा यस प्रदेशको कुल सिँचित क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा ०.८६ प्रतिशतले वृद्धि भई २ लाख ६ हजार ९ सय ७३ हेक्टर पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ०.५९ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिसम्म यस प्रदेशको कुल खेती गरिएको क्षेत्रफलमा ३७.७३ प्रतिशत मात्र सिँचाइ सुविधा पुगेको छ । कुल सिँचाइको स्रोतहरु मध्ये कुलो, नहर र बोरिङ्गबाट हुने सिँचाइ क्रमशः १.०८ प्रतिशत, ०.६८ प्रतिशत र ०.०१ प्रतिशतले वृद्धि भएको छ भने पोखरी र अन्य सिँचाइको स्रोतहरु क्रमशः २.५ प्रतिशत र ०.२५ प्रतिशतले ह्रास भएको छ (**चार्ट :३.४**) ।




*स्रोतः अध्ययनमा समेटिएका सिँचाइ कार्यालयहरु*

## ३.६ क्षेत्रगत कृषि कर्जा

बैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त तथ्याङ्क अनुसार २०८० पुस मसान्तसम्ममा यस प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कुल कृषि कर्जा २०७९ पुस मसान्तको तुलनामा ५.०५ प्रतिशतले ह्रास भई रु.५० अर्ब १० करोड ५६ लाखमा सीमित भएको छ। २०७९ पुस मसान्तसम्ममा यस्तो कर्जा रु.५२ अर्ब ७६ करोड ८७ लाख प्रवाह भएको थियो । यस प्रदेशमा कृषि क्षेत्रमा प्रवाहित कर्जामा जिल्लागत विश्लेषण गर्दा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको ४०.८७ प्रतिशत रहेको छ भने सबैभन्दा कम रुकुमपूर्व जिल्लाको ०.२४ प्रतिशत रहेको छ (**तालिका ३.४**) ।

**तालिका ३.४: कृषि कर्जाको जिल्लागत स्थिति (प्रतिशतमा)**

| जिल्ला | कर्जा (रु.दश लाख) | हिस्सा | जिल्ला | कर्जा (रु.दश लाख) | हिस्सा |
|---|---|---|---|---|---|
| रुकुमपूर्व | १२०.७८ | **०.२४** | नवलपरासी(ब.सु.प.) | ४,२२९.७० | ८.४४ |
| रोल्पा | ३३०.४३ | ०.६६ | रुपन्देही | २०,४७५.८४ | **४०.८७** |
| प्युठान | ७४४.५९ | १.४९ | कपिलवस्तु | ५,३०१.४८ | १०.५८ |
| गुल्मी | ६१८.८९ | १.२३ | दाङ | ७,९९३.३५ | १५.९५ |
| अर्घाखाँची | ३२३.९९ | ०.६५ | बाँके | ६,०८१.४० | १२.१४ |
| पाल्पा | १,२५९.४५ | २.५१ | बर्दिया | २,६२५.७७ | ५.२४ |

*स्रोतः नेपाल राष्ट्र बैंक*

## बक्स १ : लुम्बिनी मल्टिपल एग्रीकल्चर एण्ड रिसर्च सेन्टर



कपिलवस्तु जिल्ला शिवराज नगरपालिका वडा नं. २ का स्थानीय बासिन्दा लक्ष्मण भण्डारीद्वारा कम्पनी ऐन २०६३ अर्न्तगत वि.स.२०६८ सालमा लुम्बिनी मल्टिपल एग्रीकल्चर एण्ड रिसर्च सेन्टर स्थापना भई सञ्चालनमा रहेको छ। उक्त रिसर्च सेन्टरको प्रमुख उद्देश्य माछा उत्पादन गर्नुका साथै अन्य पशुजन्य उत्पादन गर्नु हो।

करिव ५.५ करोड लगानीमा २२ विघा क्षेत्रफलमा १६ वटा पोखरी निर्माण गरी सञ्चालन भएको उक्त सेन्टरमा पङ्गासियस, पाप्लेट, रहु, नैनी , सिल्भर, ग्रास, बिग हेड, कमन कार्प जस्ता माछाहरु पालन हुने गर्दछ। त्यसका साथै, उक्त रिसर्च सेन्टरमा स्थानीय जातका हाँस र कुखुरा करिव २५ सयको सङ्ख्यामा पालन भएको छ भने केही सङ्ख्यामा गाई तथा बाख्राहरुको समेत पालन भएको छ। उक्त सेन्टरले हाल १७ जनालाई प्रत्यक्ष तथा सयौको सङ्ख्यामा अप्रत्यक्ष रोजगारीको अवसर प्रदान गरेको छ।

यस सेन्टरबाट उत्पादित माछा, मासु तथा पशुजन्य अन्य उत्पादनको बजार क्षेत्र रुपमा कपिलवस्तु तथा रुपन्देही जिल्लाका साथै काठमाण्डौं, दाङ, पोखरा रहेको छ। वार्षिक करिव रु.५ करोड बराबरको कारोबार हुने उक्त सेन्टरले बार्षिक करिव रु.६० देखि ७० लाखसम्म नाफा गर्ने गर्दछ भने वार्षिक रुपमा आवश्यक पर्ने करिव ३ करोड बराबरको दाना चितवन र विराटनगरबाट खरिद गर्ने गर्दछ। विगतमा ५० वटासम्म गाई पालन हुने गरेको उक्त सेन्टरमा कामदारको अभावले हाल ५ वटा मात्र गाई पालन भएको छ।

***स्रोत :लुम्बिनी मल्टिपल एग्रीकल्चर एण्ड रिसर्च सेन्टर***

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

- कृषि श्रमिकहरु कृषि पेशामा आंशिक रुपमा मात्र संलग्न हुने अवस्था रहनुका साथै यातायात लगायतका कृषि पूर्वाधारको विस्तार गरी कृषि उत्पादन लागत न्यूनीकरण गर्दै प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्नु ।
- पशुपालनतर्फ नश्ल सुधार गरी उन्नत पशु सङ्ख्या वृद्धि गर्नु तथा पशुपंक्षी दानाको सुलभ मूल्यमा उपलब्धता गराई पशुपंछीजन्य उत्पादनको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्नु ।
- दुध, तरकारी, फलफूल लगायतका कृषि उपजहरु लामो समयसम्म टिकाई उचित प्रतिफल प्राप्त गर्नु ।
- वनजन्य तथा कृषि उत्पादनमा जलवायु परिवर्तनका कारण लाग्ने रोगकिराको प्रकोप न्यूनीकरण गर्नु ।
- कृषि बालीमा बादर, बदेल, दुम्सी लगायतका वन्यजन्तुहरुका कारणबाट हुने क्षतिलाई न्यूनीकरण गर्नु ।
- पछिल्लो समय युवा जनशक्ति बिदेश पलायन हुँदा खेतीयोग्य जमिन बाँझोमा परिणत हुदै गएको सन्दर्भमा उक्त जमिनमा पूर्ण रुपमा खेती गर्नु ।

### सम्भावना

- स्थानीय निकायहरुको रैथाने बाली प्रवर्द्धन कार्यक्रमले रैथाने बाली उत्पादनको उच्च सम्भावना रहेको ।
- यस प्रदेशका पहाडी जिल्लाहरुमा रहेका खोलाहरुमा ट्राउट माछापालनको उच्च सम्भावना रहनुका साथै तराई क्षेत्रमा पोखरी विस्तार कार्यक्रमले अन्य माछाको उत्पादन वृद्धि हुने सम्भावना रहेको ।
- भौगोलिक विविधतायुक्त यस प्रदेशमा पशुपन्छीका लागि अनुकूल वातावरण रहेका कारण दुध तथा मासुजन्य उत्पादनमा आत्मनिर्भर भई निकासी गर्न सकिने समेत सम्भावना रहेको ।
- निजी जग्गामा समेत टिमुर, तेजपात, अमला, सुगन्धकोकीला लगायतका जडिबुटी खेतीतर्फ किसानहरु आकर्षित भएकोले जडिबुटीको उत्पादनमा वृद्धि हुने सम्भावना रहेको ।
- वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई सरकारका विभिन्न कार्यक्रम मार्फत कृषि उत्पादनमा जोड्न सकेमा लगानी विस्तार हुने सम्भावना रहेको ।
- कृषि बीमा कार्यक्रमको विस्तार, कृषि सडक सञ्जालको विस्तार एवं बजार सुनिश्चित हुन सकेमा थप युवाहरुलाई कृषिमा आकर्षित गरी कृषि क्षेत्रको दिगो विकास हुने सम्भावना रहेको ।

# परिच्छेद ४

# उद्योग क्षेत्र

लुम्बिनी प्रदेशको रुपन्देही जिल्लामा **बुटवल औद्योगिक क्षेत्र** र बाँके जिल्लामा **नेपालगञ्ज औद्योगिक क्षेत्र** गरी २ वटा औद्योगिक क्षेत्रहरु सञ्चालनमा रहेका छन् । बुटवल औद्योगिक क्षेत्रको ७२ मध्ये ६४ वटा र नेपालगञ्ज औद्योगिक क्षेत्रका ३५ मध्ये ३० वटा गरी जम्मा ९४ वटा उद्योगहरु सञ्चालनमा रहेका छन् । भारतबाट कम लागत र सहज रुपमा कच्चा पदार्थ आयात गर्न सकिने, औद्योगिक कामदारहरुको सहज उपलब्धता कारण पछिल्लो समय लुम्बिनी प्रदेशका रुपन्देही, नवलपरासी(ब.सु.प.), कपिलवस्तु र बाँके लगायतका जिल्लाहरु औद्योगिक हबको रुपमा अगाडि बढी रहेका छन् । रुपन्देहीको भैरहवा स्थित विशेष आर्थिक क्षेत्र (**SEZ**)मा हाल ७ वटा उद्योगहरु सञ्चालनमा रहेका छन् भने ४ वटा सञ्चालन हुने क्रममा छन् । पछिल्लो समय विशेष आर्थिक क्षेत्र पूर्ण क्षमतामा सञ्चालनका लागि पहल भईरहेकाले आगामी दिनहरुमा थप उद्योगहरु स्थापना भई उत्पादन र रोजगारी समेत वृद्धि हुने सम्भावना देखिन्छ । थप औद्योगिक क्षेत्र स्थापना गर्ने उद्देश्यले रुपन्देहीको मोतीपुर औद्योगिक क्षेत्र र बाँकेको नौवस्ता औद्योगिक क्षेत्रको जग्गा प्राप्ति भई निर्माण कार्य अगाडि बढी रहेको कारण थप उद्योगहरु स्थापना हुने देखिन्छ ।

उद्योग विभागबाट प्राप्त तथ्याङ्क अनुसार आ.व. २०८०/८१ को पुष मसान्तसम्ममा लुम्बिनी प्रदेशमा कुल ७५६ वटा उद्योगहरु दर्ता भई रु. ३ खर्ब २७ अर्ब ५७ करोड लगानी भएको देखिन्छ । उक्त उद्योगहरुले ७६,०८० जनालाई रोजगारी प्रदान गरेका छन् । जिल्लागत रुपमा विश्लेषण गर्दा सबैभन्दा धेरै २९२ वटा रुपन्देही जिल्लामा र सबैभन्दा कम प्यूठान र रोल्पा जिल्लामा ३/३ वटा मात्र उद्योगहरु दर्ता भएका छन् (**तालिका ४.१**) ।

**तालिका ४.१: जिल्लागत उद्योगको अवस्था**

| जिल्ला | उद्योग संख्या | रोजगारी संख्या | कुल पँजी (रु. दश लाखमा) |
|---|---|---|---|
| अर्घाखाँची | ५ | ४१८ | ४,८२१.८४ |
| पाल्पा | १२ | ७७७ | ३,०५१.३३ |
| प्यूठान | ३ | २३२ | ५४०.०० |
| नवलपरासी | १८४ | १८,५५५ | १०,२१३५.०४ |
| कपिलवस्तु | ६२ | ७,५५३ | ३९,१७६.४४ |
| रोल्पा | ३ | ४,०६६ | १,०२२.७९ |
| रुकुम | ५ | ३३४ | ६,११०.४४ |
| गुल्मी | ६ | ११९ | २,०५९.८३ |
| दाङ | ४९ | ६,३४० | ३४,०८७.९८ |
| बाँके | १०७ | ९,१११ | २२,८७९.६१ |
| बर्दिया | २८ | १,७०५ | ७,९३६.२४ |
| रुपन्देही | २९२ | २६,८७० | १,०३,७४८.४६ |
| **जम्मा** | **७५६** | **७६,०८०** | **३,२७,५७०** |


***स्रोत :उद्योग विभाग*** *(नवलपरासी अर्न्तगत नवलपरासी (ब.सु.पू.) र नवलपरासी(ब.सु.प.) जिल्लाहरु समाबेश छन् भने रुकुम अन्तर्गत पश्चिम र पूर्वी रुकुम समाबेश गरिएका छन् ।)*

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी

### क्षमता उपयोग

अध्ययनमा समेटिएका उद्योगहरुको समीक्षा अवधिमा **औसत क्षमता उपयोग ४५.९६ प्रतिशत** रहेको छ । गत अवधिमा यस्तो क्षमता उपयोग ४४.६१ प्रतिशत रहेको थियो । अध्ययनमा समेटिएका उद्योगहरुमध्ये सबैभन्दा बढी गहुँको पिठो उत्पादन गर्ने उद्योगले ८३.९४ प्रतिशत र सबैभन्दा कम ड्राई सिरप औषधि उत्पादन गर्ने उद्योगले ७.२३ प्रतिशत क्षमता उपयोग गरेका छन् (**चार्टः ४.१**) ।

**चार्ट ४.१: औद्योगिक क्षमता उपयोग (प्रतिशतमा)**




*स्रोतः अध्ययनमा समेटिएका उद्योगहरु*

### औद्योगिक उत्पादनको अवस्था

गत वर्षको सोही अवधिमा ड्राई सिरप उत्पादन गर्ने उद्योगको क्षमता उपयोग अत्यन्त न्यून भएका कारण समीक्षा अवधिमा ड्राई सिरप उत्पादन गर्ने उद्योगको क्षमता उपयोग कम हुँदा समेत उत्पादन ८४.९८ प्रतिशतले वृद्धि देखिएको छ । कच्चा पदार्थको सहज उपलब्धता र भारतमा समेत निर्यात हुने भएकाले रोजिनको उत्पादन वृद्धि भएको छ । गत वर्ष भारतबाट गहुँको आयात सहज नहुँदा गहुँको पिठोको उत्पादन कमी आएकोमा समीक्षा अवधिमा गहुँको आयातमा भएको सहजतासँगै गहुँको पिठो उत्पादन ३०.७९ प्रतिशतले वृद्धि भएको छ । देशको हरेक क्षेत्रमा विद्युत प्रसारणमा भएको वृद्धि सँगै माग बढ्दै जाँदा बिजुलीको तार उत्पादनमा ६०.७३ प्रतिशतले वृद्धि भएको छ । भारत निर्यातमा भएको अवरोधका कारण समीक्षा अवधिमा प्लाईउड उत्पादनमा ३१.४० प्रतिशतले ह्रास आएको छ । अधिकांश उद्योगहरुको क्षमता उपयोग र उत्पादन न्यून रहन गएको छ (**तालिका ४.२** )।

| तालिका ४.२: औद्योगिक उत्पादन | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **उत्पादन** | **प्रतिशत परिवर्तन** | **उत्पादन** | **प्रतिशत परिवर्तन** | **उत्पादन** | **प्रतिशत परिवर्तन** | **उत्पादन** | **प्रतिशत परिवर्तन** |
| प्लाईउड | -३१.४ | कागज | -११.६७ | पशुदाना | -०.७९ | रोजिन | २५.१ |
| साबुन | -२८ | मदिरा | -९.३८ | ट्याबलेट | ०.१८ | गहुँको पिठो | ३०.७९ |
| ओईन्टमेण्ट | -२७.५३ | चामल | -९.३ | फलामको छड,पत्ती | ४.२४ | बिजुलीको | ६०.७३ |
| जि आई पाईप | -१५.९६ | क्यापसुल | -४.१८ | तोरीको तेल | १२.२१ | ड्राई सिरप | ८४.९८ |
| सिन्थेटिक कपडा | -१५.२२ | सिमेण्ट | -२.२२ | लिक्युड | १२.४२ | | |
| प्लाष्टिक सामान | -१२.१९ | | -१.३९ | आल्मुनियम | १४.३३ | | |

*स्रोत: अध्ययनमा समेटिएका उद्योगहरु*


### रोजगारी

अध्ययनमा समेटिएका २७ वटा उद्योगहरु मध्ये २६ वटाबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा अवधिमा महिला ५८१ र पुरुष ४१६७ गरी जम्मा ४७४८ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् ।

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

लुम्बिनी प्रदेशका बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०८० पुस मसान्तमा २०७९ पुस मसान्तको तुलनामा ०.३३ प्रतिशतले ह्रास भई रु.१ खर्ब २५ अर्ब ६२ करोड २४ लाख कायम भएको छ । २०७९ पुस मसान्तमा समेत यस्तो कर्जा अघिल्लो वर्षको तुलनामा ३.२९ प्रतिशतले ह्रास भएको थियो । २०८० पुस मसान्तमा कुल औद्योगिक कर्जामध्ये कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा प्रवाह भएको कर्जामा १५.०१ प्रतिशतले वृद्धि भएको छ भने खानी सम्बन्धी उद्योग, ग्याँस तथा पानी सम्बन्धी उद्योग, धातुका उत्पादन मेशिनरी तथा इलेक्ट्रोनिक्स सम्बन्धी उद्योग, निर्माण सम्बन्धी उद्योग र गैरखाद्य वस्तुको उत्पादन सम्बन्धी उद्योगमा प्रवाह भएको कर्जा क्रमश: ६४.८५ प्रतिशत, ५८.९५ प्रतिशत, १६.९४ प्रतिशत, ६.१७ प्रतिशत र ०.७९ प्रतिशतले ह्रास भएको छ (**चार्ट : ४.२**) ।

**चार्ट ४.२ :ओद्योगीक कर्जा (प्रतिशत परिवर्तन)**




*स्रोत: नेपाल राष्ट्र बैंक*

२०८० पुस मसान्तमा यस प्रदेशमा प्रवाह भएको कुल कर्जामा **औद्योगिक कर्जाको हिस्सा २४.३०** प्रतिशत रहेको छ । प्रवाहित कुल औद्योगिक कर्जामध्ये सबैभन्दा बढी गैर-खाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगहरुमा ४२.५७ प्रतिशत रहेको छ भने सबैभन्दा कम खानी सम्बन्धी उद्योगमा ०.९२ प्रतिशत रहेको छ । त्यसैगरी, कृषि, वन तथा पेय पदार्थ सम्बन्धी उद्योग, निर्माण सम्बन्धी उद्योग, धातुका उत्पादन, मेशिनरी तथा इलेक्ट्रोनिक्स सम्बन्धी उद्योग र विद्युत, ग्यास तथा पानी सम्बन्धी उद्योगको हिस्सा क्रमशः ३९.३३ प्रतिशत, ९.९९ प्रतिशत, ६.१४ प्रतिशत र १.०५ प्रतिशत रहेको छ (**तालिका ४.३**) ।

| तालिका ४.३ः कुल औद्योगिक कर्जा र क्षेत्रगत हिस्सा (प्रतिशत) (रु.दश लाखमा ) | | | | | |
|---|---|---|---|---|---|
| **विवरण** | **२०८० पुस मसान्त** | **हिस्सा** | **विवरण** | **२०८० पुस मसान्त** | **हिस्सा** |
| खानी | १,१६१.७० | ०.९२ | निर्माण | १२,५४८.०९ | ९.९९ |
| कृषि/वन/पेय | ४९,४०२.३५ | ३९.३३ | विद्युत/ग्यास/पानी | १,३१९.२२ | १.०५ |
| गैरखाद्य वस्तु | ५३,४७६.२५ | **४२.५७** | धातुका उत्पादन/मेशिनरी/ईलेक्ट्रोनिक्स | ७,७१४.९० | ६.१४ |
| **कुल कर्जा** | **५,१६,८९०.९८** | | **औद्योगिक कर्जाको हिस्सा** | **१,२५,६२२.४१** | **२४.३०** |

*स्रोतः नेपाल राष्ट्र बैंक*

यस प्रदेशमा प्रवाहित कुल औद्योगिक कर्जाको जिल्लागत विश्लेषण गर्दा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको ६४.१७ प्रतिशत रहेको छ भने सबैभन्दा कम रुकुमपूर्व जिल्लाको ०.०२ प्रतिशत रहेको छ (**तालिका ४.४**) ।

| तालिका ४.४: कुल औद्योगिक कर्जामा जिल्लागत हिस्सा (प्रतिशतमा) | | | | | |
|---|---|---|---|---|---|
| **जिल्ला** | **हिस्सा** | **जिल्ला** | **हिस्सा** | **जिल्ला** | **हिस्सा** |
| रुकुमपूर्व | ०.०२ | गुल्मी | ०.५५ | दाङ | ५.१० |
| अर्घाखाँची | ०.२३ | पाल्पा | ०.६१ | नवलपरासी (ब.सु.प.) | ५.२२ |
| रोल्पा | ०.२४ | बर्दिया | १.४९ | बाँके | १७.०९ |
| प्यूठान | ०.३२ | कपिलवस्तु | ४.९६ | रुपन्देही | **६४.१७** |

*स्रोतः नेपाल राष्ट्र बैंक*

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### चुनौती

- कृषि उत्पादनलाई अन्य उद्योगहरुसँग जोड्ने कार्य ।
- सीमित बजारका कारण यस क्षेत्रका उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन गर्ने कार्य ।
- स्वदेशी श्रमशक्तिको क्षमता अभिवृद्धि गरी औद्योगिक क्षेत्रमा आकर्षण गर्दै विदेश पलायन हुने क्रमलाई रोक्ने कार्य ।
- भैरहवामा रहेको विशेष आर्थिक क्षेत्र (SEZ) लाई पूर्ण क्षमतामा सञ्चालन गर्नु तथा त्यहाँ स्थापित उद्योगहरु मार्फत निर्यातमा वृद्धि गर्ने कार्य ।
- यस प्रदेशमा भईरहेको औद्योगिक विकासको कारण उद्योगहरुबाट निस्कने फोहर तथा प्रदुषणबाट मानव स्वास्थ्य तथा वातावरणमा पर्ने असरलाई कम गर्नु ।
- यस प्रदेशका सिमेन्ट उद्योगहरुको लागि आवश्यक पर्ने कच्चा पदार्थ चुनढुङ्गा उत्खनन् गर्दा हुने वातावरणीय प्रभावलाई न्यून गर्ने कार्य ।

### सम्भावना

- स्वदेशी तथा भारतीय बजारमा समेत माग हुने रोजिनको मुख्य कच्चा पदार्थ खोटो स्थानीय तथा सामुदायिक वनमा रहेका सल्लाका रुखहरुबाट प्राप्त हुने भएकाले रोजिन उद्योगहरुको उच्च सम्भावना रहेको ।
- यस प्रदेशका पहाडी र हिमाली जिल्लाहरुमा पाईने जडिबुटी प्रशोधन उद्योगहरुको उच्च सम्भावना रहेको ।
- यस प्रदेशमा सिमेन्ट उत्पादनका लागि चाहिने कच्चा पदार्थ चुनढुङ्गाको गुणस्तर राम्रो हुनुका साथै अधिक मात्रामा उपलब्धता हुनसक्ने भएकाले यो क्षेत्रमा उत्पादित सिमेन्ट छिमेकी मुलुक भारतमा समेत निर्यात हुनसक्ने उच्च सम्भावना रहेको ।
- औद्योगिक क्षेत्रबाट निस्कने Industrial Scrap व्यवस्थापन गर्नका लागि Recycle Industries को सम्भावना रहेको ।
- उद्योगहरुमा लगानी सहजता, औद्योगिक क्षेत्रहरुमा प्रसारण लाइन र सवस्टेसनको विस्तारका कारण औद्योगिक क्षेत्रको विकास र विस्तारको सम्भावना रहेको ।
- भैरहवा विशेष आर्थिक क्षेत्र (SEZ) मा विद्युत सबस्टेशनको निर्माण कार्य अन्तिम चरणमा रहेको र नीतिगत सुधारका कारण थप उद्योगहरु स्थापना हुने सम्भावना रहेको ।

# परिच्छेद ५

# सेवा क्षेत्र

## ५.१ पर्यटन

यस कार्यालयको कार्यक्षेत्रभित्र रहेका पर्यटक स्तरीय होटलहरुको होटल शैया सङ्ख्या, कोठा/शैया बिक्री सङ्ख्या, प्रत्यक्ष रोजगारी सङ्ख्या र पर्यटक आगमन सङ्ख्या लगायतका पर्यटकीय सूचकहरुको अवस्था विश्लेषण गर्न पाल्पा, बाँके र रुपन्देही जिल्लाबाट क्रमशः १, ३ र ८ गरी जम्मा १२ वटा पर्यटक स्तरीय होटलहरु छनौट गरिएको छ ।

विगतमा कोभिड-१९ को असहज परिस्थितिका कारण मारमा परेको यस प्रदेशको पर्यटन क्षेत्र क्रमिक रुपमा सुधारोन्मुख रहेको देखिन्छ । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावका कारण आसपासका क्षेत्रमा पछिल्लो समय धेरै सङ्ख्यामा होटल/रेष्टुरेन्टहरु सञ्चालनमा आएका छन भने केही निर्माणाधिन अवस्थामा रहेका छन् ।

**तालिका ५.१: पर्यटक आगमन, रोजगारी तथा होटल अकुपेन्सी दर**

| विवरण | दुईवर्ष अघि | गत अवधि | समीक्षा अवधि | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | आ.व.२०७८/७९ (साउन- पुस) | आ.व.२०७९/८० (साउन- पुस) | आ.व.२०८०/८१ (साउन- पुस) | गत अवधि | समीक्षा अवधि |
| होटल शैयाको सङ्ख्या | ९८७ | १०४३ | १०४९ | ५.६७ | ०.५८ |
| कोठा/शैया बिक्री सङ्ख्या | ४२,७४८ | ४५,४०२ | ४८,३७१ | ६.२१ | ६.५४ |
| **प्रत्यक्ष रोजगारी सङ्ख्या** | **६३०** | **७०७** | **६९६** | **१२.२२** | **– १.५६** |
| पुरुष | ४७० | ५२७ | ५१२ | १२.१३ | – २.८५ |
| महिला | १६० | १८० | १८४ | १२.५० | २.२२ |
| **पर्यटक आगमन सङ्ख्या** | **१५,२४४** | **२३,६८६** | **४१,१५३** | **५५.३८** | **७३.७४** |
| भारत | ११,४४२ | १६,६३२ | २६,८८१ | ४५.३६ | ६१.६२ |
| चीन | २७१ | ६७२ | २,८१७ | १४७.९७ | ३१९.२० |
| तेस्रो मुलुक | ३,५३१ | ६,३८२ | ११,४५५ | ८०.७४ | ७९.४९ |
| **अकुपेन्सी दर#** | **२३.८०** | **२३.९२** | **२५.३४** | **०.५१** | **५.९३** |

*स्रोतः नमूना छनौटमा परेका होटल*

#अकुपेन्सी दर = $\frac{\text{कोठा/शैया बिक्री सङ्ख्या (पटकमा)}}{\text{(होटल शैयाको सङ्ख्या × ३६५)}} \times १००\%$

### होटल शैया सङ्ख्या


छनौटमा परेका होटलहरुबाट प्राप्त तथ्याङ्क अनुसार २०८० पुस मसान्तमा होटल शैयाको सङ्ख्या २०७९ पुस मसान्तको तुलनामा ०.५८ प्रतिशतले वृद्धि भई १ हजार ४९ पुगेको छ । २०७९ पुस मसान्तमा शैया सङ्ख्या ५.६७ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी समीक्षा अवधिमा कोठा/शैया बिक्री सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा ६.५४ प्रतिशतले वृद्धि भई ४८ हजार ३ सय ७१ रहेको छ । गत वर्षको सोही अवधिमा कोठा/शैया बिक्री सङ्ख्या अघिल्लो वर्षको तुलनामा ६.२१ प्रतिशतले वृद्धि भएको थियो ( **तालिका ५.१** ) ।

### पर्यटन आगमन सङ्ख्या

भारतीय पर्यटकहरुको सङ्ख्यामा उल्लेख्य वृद्धि हुँदा समीक्षा अवधिमा होटलहरुमा पर्यटक आगमन सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा ७३.७४ प्रतिशतले वृद्धि भई ४१ हजार १ सय ५३ पुगेको देखिन्छ । कोभिड-१९ को प्रभाव न्यून हुँदै जाँदा यस्तो सङ्ख्या गत वर्षको सोही अवधिमा ५५.३८ प्रतिशतले वृद्धि भएको थियो (**तालिका ५.१**) ।

### अकुपेन्सी दर तथा रोजगारी

लुम्बिनी प्रदेशस्थित छनौटमा परेका होटलहरुको अकुपेन्सी दर तथा रोजगारीको अवस्था विश्लेषण गर्दा पर्यटकहरुको छोटो अवधिको बसाई र होटलहरुको शैया सङ्ख्यामा वृद्धिका कारण पर्यटक आगमनमा उल्लेख्य वृद्धि हुँदा समेत समीक्षा अवधिमा अकुपेन्सी दर गत वर्षको सोही अवधिको तुलनामा ५.९३ प्रतिशतले मात्र वृद्धि भई **२५.३४ प्रतिशत** पुगेको छ भने होटलले दिने रोजगारीमा १.५६ प्रतिशतले ह्रास आई जम्मा ६९६ (पुरुष ५१२ र महिला १८४)जनाले मात्र प्रत्यक्ष रोजगारी पाएका छन् ।




*स्रोत: अध्ययनमा समेटिएका १३ वटा होटलहरु*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा १४.७९ प्रतिशतले वृद्धि भई ४६ हजार २ सय २१ कायम भएको छ । गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या ३७.६२ प्रतिशतले ह्रास भएको थियो । समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व गत अवधिको सोही अवधिको तुलनामा ४.५८ प्रतिशतले ह्रास भई रु.१ अर्ब ४ करोड ६८ लाख कायम भएको छ । गत वर्षको सोही अवधिमा राजस्व ८४.०७ प्रतिशतले ह्रास भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा घर/भवन स्थायी नक्सा पास सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा ४.४१ प्रतिशतले वृद्धि भई २ हजार ९ सय ६१ पुगेको छ । गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या ४०.०३ प्रतिशतले ह्रास भएको थियो (**तालिका ५.२**) ।


| तालिका ५.२: सार्वजनिक निर्माण तथा रियलस्टेट | | | | | |
|---|---|---|---|---|---|
| विवरण | दुई वर्ष अघि | गत अवधि | समीक्षा अवधि | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
| | आ.व.२०७८/७९ (साउन-पुस) | आ.व.२०७९/८० (साउन-पुस) | आ.व.२०८०/८१ (साउन-पुस) | | |
| घरजग्गा रजिष्ट्रेशन सङ्ख्या | ६४,५५१.०० | ४०,२६५.०० | ४६,२२१.०० | -३७.६२ | १४.७९ |
| घर/भवन स्थायी नक्सा पास सङ्ख्या | ४,७२९.०० | २,८३६.०० | २,९६१.०० | -४०.०३ | ४.४१ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु. दश लाखमा) | ६,८८५.२४ | १,०९७.०७ | १,०४६.८२ | -८४.०६ | -४.५८ |

*स्रोत: जिल्लामा रहेका मालपोत कार्यालयहरु तथा उप-महानगरपालिका/नगरपालिका*

## ५.३ वित्तीय सेवा

### शाखा संख्या

नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागबाट प्राप्त तथ्याङ्क अनुसार २०८० पुस मसान्तसम्ममा यस प्रदेशमा क वर्गका ७३५, ख वर्गका २५७, ग वर्गका ४७ र घ वर्गका ११५३ गरी जम्मा २१९२ वटा बैंक तथा वित्तीय संस्थाहरुको शाखा सञ्चालनमा रहेका छन् । जसमध्ये सबैभन्दा बढी रुपन्देही जिल्लामा ५४७ वटा र सबैभन्दा कम रुकुमपूर्व जिल्लामा १७ वटा शाखाहरु सञ्चालनमा रहेका छन् । त्यसैगरी, दाङ, बाँके, कपिलवस्तु, बर्दिया, नवलपरासी (ब.सु.प.), पाल्पा, गुल्मी, प्यूठान, अर्घाखाँची र रोल्पा जिल्लामा क्रमशः २९४, २५०, २२८, २२३, १८७, १२५, ११५, ७७, ६८ र ६१ वटा शाखाहरु सञ्चालनमा रहेका छन् (***चार्ट ५.२***)।




चार्ट ५.२ : बैंक तथा वित्तीय संस्थाको शाखा संख्याको जिल्लागत अवस्था

*स्रोत: नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग र लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग*

### मोबाईल बैंकिङ्ग तथा ईन्टरनेट बैंकिङ्ग दर्ता सङ्ख्या र शाखा रहित बैंकिङ्ग सेवा

२०८० पुस मसान्तसम्ममा यस प्रदेशको बैंक तथा वित्तीय संस्थाहरुमा ३७ लाख ६१ हजार ३१ मोबाईल बैंकिङ्ग सेवा र २ लाख ५९ हजार ४ सय ७५ ईन्टरनेट बैंकिङ्ग सेवा दर्ता रहेको छ भने वाणिज्य बैंकहरुले २१२ वटा शाखा रहित बैंकिङ्ग सेवा उपलब्ध गराएका छन् । २०८० पुस मसान्तसम्ममा कुल दर्ता भएका मोबाईल बैंकिङ्ग सेवामध्ये सबैभन्दा धेरै रुपन्देही जिल्लामा ३२.९६ प्रतिशत रहेको छ भने सबैभन्दा कम रुकुमपूर्व जिल्लामा ०.४२

प्रतिशत रहेको छ । यसैगरी २०८० पुस मसान्तसम्ममा कुल दर्ता भएका ईन्टरनेट बैंकिङ्ग सेवामध्ये सबैभन्दा धेरै रुपन्देही जिल्लामा ४८.३३ प्रतिशत रहेको छ भने सबैभन्दा कम रुकुमपूर्व जिल्लामा ०.०६ प्रतिशत रहेको छ । त्यसैगरी, २०८० पुस मसान्तमा वाणिज्य बैंकहरुको कुल शाखारहित बैंकिङ्ग सेवा सङ्ख्या सबैभन्दा धेरै गुल्मी जिल्लामा २१.७० प्रतिशत रहेको छ भने सबैभन्दा कम प्यूठान जिल्लामा ०.४७ प्रतिशत रहेको छ ***(चार्ट: ५.३) ।***




*स्रोत: नेपाल राष्ट्र बैंक*

## कुल निक्षेप

२०८० पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप २०७९ पुस मसान्तसम्मको तुलनामा २२.४६ प्रतिशतले वृद्धि भई रु.५ खर्ब २९ अर्ब ३८ करोड १२ लाख पुगेको छ । जिल्लाहरुको कुल निक्षेपको अवस्था तुलना गर्दा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लामा ४१.७४ प्रतिशत रहेको छ भने सबैभन्दा कम रुकुम पूर्व जिल्लामा ०.२५ प्रतिशत रहेको छ ***(तालिका ५.३)***।

**तालिका ५.३: जिल्लागत निक्षेप, कर्जा र कर्जा/निक्षेप अनुपातको अवस्था** (रु.दश लाखमा )

| जिल्ला | कुल निक्षेप | कुल निक्षेपको अंश | कुल कर्जा | कुल कर्जाको अंश | कर्जा/निक्षेप अनुपात |
|---|---|---|---|---|---|
| रुकुमपूर्व | १,३४४.५६ | ०.२५ | ७६२.५२ | ०.१५ | ५७.७१ |
| रोल्पा | ६,५६३.६६ | १.२४ | २,९८१.०४ | ०.५८ | ४५.४२ |
| प्यूठान | १३,७१७.८३ | २.५९ | ४,७५५.१६ | .९२ | ३४.६६ |
| गुल्मी | ३०,७२२.७४ | ५.८० | ५,८८७.०१ | १.१४ | १९.१६ |
| अर्घाखाँची | १७,६५४.४६ | ३.३३ | २,५९१.१५ | ०.५० | १४.६८ |
| पाल्पा | ३३,१४१.०५ | ६.२६ | ९,३९२.०१ | १.८२ | २८.३४ |
| नवलपरासी (ब.सु.प.) | ३५,४७०.९७ | ६.७० | ३४,०९०.९३ | ६.६० | ९६.११ |
| रुपन्देही | २,२०,९७५.८३ | **४१.७४** | २,६८,७६९.६० | **५२.००** | १२१.६३ |
| कपिलवस्तु | ३८,२८१.५५ | ७.२३ | २९,०९४.०७ | ५.६३ | ७६.०० |
| दाङ | ५७,०१८.०३ | १०.७७ | ५९,६१८.५२ | ११.५३ | १०४.५६ |
| बाँके | ५७,२१६.४४ | १०.८१ | ८३,६७८.९५ | १६.१९ | **१४६.२५** |
| बर्दिया | १७,२७४.१० | ३.२६ | १५,२७०.०३ | २.९५ | ९९.४० |
| **लुम्बिनी प्रदेश** | **५,२९,३८१.२२** | **१००** | **५,१६,८९०.९** | **१००** | **९७.६४** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

### चल्ती निक्षेप

२०८० पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशबाट परिचालन गरेको चल्ती निक्षेप २०७९ पुस मसान्तको तुलनामा ७.९० प्रतिशतले वृद्धि भई रु.३२ अर्ब ५० करोड ७९ लाख पुगेको छ । २०७९ पुस मसान्तमा यस्तो निक्षेप अघिल्लो वर्षको तुलनामा ३.२७ प्रतिशतले ह्रास भएको थियो । २०८० पुस मसान्तमा यस प्रदेशको कुल निक्षेपमा चल्ती निक्षेपको अंश ६.१४ प्रतिशत रहेको छ ।

### बचत निक्षेप

२०८० पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशबाट परिचालन गरेको बचत निक्षेप २०७९ पुस मसान्तको तुलनामा २५.६३ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ८ अर्ब ९८ करोड ६९ लाख पुगेको छ । २०७९ पुस मसान्तमा यस्तो निक्षेप अघिल्लो वर्षको ७.५८ प्रतिशतले ह्रास भएको थियो । २०८० पुस मसान्तमा यस प्रदेशको कुल निक्षेपमा बचत निक्षेपको अंश ३९.४८ प्रतिशत रहेको छ ।

### मुद्धती निक्षेप

२०८० पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशबाट परिचालन गरेको मुद्धती निक्षेप २०७९ पुस मसान्तको तुलनामा २३.०७ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ६२ अर्ब ६० करोड ८८ लाख पुगेको छ । २०७९ पुस मसान्तमा यस्तो निक्षेप २७.११ प्रतिशतले वृद्धि भएको थियो । २०८० पुस मसान्तमा यस प्रदेशको कुल निक्षेपमा मुद्धती निक्षेपको अंश ४९.६१ प्रतिशत रहेको छ ।

### अन्य निक्षेप

२०८० पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशबाट परिचालन गरेको अन्य निक्षेप २०७९ पुस मसान्तको तुलनामा १२.६४ प्रतिशतले वृद्धि भई रु. २५ अर्ब २७ करोड ७५ लाख पुगेको छ । २०७९ पुस मसान्तमा यस्तो निक्षेप अघिल्लो वर्षको तुलनामा ५.८२ प्रतिशतले ह्रास भएको थियो । २०८० पुस मसान्तमा यस प्रदेशको कुल निक्षेपमा अन्य निक्षेपको अंश ४.७७ प्रतिशत रहेको छ ।

### कुल कर्जा

२०८० पुस मसान्तमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा २०७९ पुस मसान्तको तुलनामा ६.०३ प्रतिशतले ह्रास भई रु.५ खर्ब १६ अर्ब ८९ करोड ९ लाखमा सीमित भएको छ । २०७९ पुस मसान्तमा कुल कर्जा अघिल्लो वर्षको तुलनामा २.९३ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, २०८० पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाको यस प्रदेशको कर्जा/निक्षेप अनुपात ९७.६४ प्रतिशत रहेको छ ।

जिल्लाहरुको कुल कर्जाको अवस्था तुलना गर्दा समीक्षा अवधिसम्ममा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको ५२ प्रतिशत रहेको छ भने सबैभन्दा कम रुकुमपूर्व जिल्लाको ०.१५ प्रतिशत रहेको छ । त्यसैगरी, समीक्षा अवधिसम्ममा कर्जा/निक्षेप अनुपात सबैभन्दा धेरै बाँके जिल्लामा १४६.२५ प्रतिशत रहेको छ भने सबैभन्दा कम अर्घाखाँची जिल्लामा १४.६८ प्रतिशत रहेको छ (**तालिका ५.३**) ।

| तालिका ५.४: विपन्न वर्ग कर्जा, पुनरकर्जा र सहुलियपूर्ण कर्जाको जिल्लागत हिस्सा (प्रतिशतमा) | | | |
|---|---|---|---|
| **जिल्ला** | **विपन्न वर्ग कर्जा** | **पुनरकर्जा** | **सहुलियतपूर्ण कर्जा** |
| रुकुमपूर्व | ०.३१ | ०.३७ | ०.१० |
| रोल्पा | १.२३ | – | ०.७९ |
| प्यूठान | २.७२ | ४.४४ | १.४८ |
| गुल्मी | १.९८ | – | २.३५ |
| अर्घाखाँची | १.१८ | – | १.४९ |
| पाल्पा | ३.२३ | १.९६ | ३.६२ |
| नवलपरासी (ब.सु.प.) | ८.२० | ३८.९६ | १०.४७ |
| रुपन्देही | **४७.६३** | **४४.४६** | **३७.६८** |
| कपिलवस्तु | ७.३७ | ५.५८ | ९.४४ |
| दाङ | १४.४९ | ०.१२ | १५.१० |
| बाँके | ६.४७ | ३.९२ | १२.८६ |
| बर्दिया | ५.२० | ०.१८ | ४.६३ |
| **जम्मा** | **१००.००** | **१००.००** | **१००.००** |
| **कुल कर्जामा हिस्सा** | **७.९३** | **०.११** | **५.८९** |

*स्रोतः नेपाल राष्ट्र बैंक*

### विपन्न वर्ग कर्जा

२०८० पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा प्रवाह गरेको विपन्न वर्ग कर्जा २०७९ पुस मसान्तको तुलनामा १.८९ प्रतिशतले वृद्धि भई रु.४० अर्ब ९६ करोड ८० लाख पुगेको छ। २०७९ पुस मसान्तमा यस्तो कर्जा अघिल्लो वर्षको तुलनामा १५.१० प्रतिशतले ह्रास भएको थियो। २०८० पुस मसान्तमा यस प्रदेशको कुल कर्जामा विपन्न वर्ग कर्जाको हिस्सा ७.९३ प्रतिशत रहेको छ (**तालिका ५.४**)।

### पुनरकर्जा

२०८० पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा प्रवाह गरेको पुनरकर्जा रु.५६ करोड १८ लाख रहेको छ। २०८० पुस मसान्तमा यस प्रदेशको कुल कर्जामा पुनरकर्जाको हिस्सा ०.११ प्रतिशत रहेको छ ( **तालिका ५.४**)।

### सहुलियतपूर्ण कर्जा

२०८० पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा प्रवाह गरेको सहुलियतपूर्ण कर्जा २०७९ पुस मसान्तको तुलनामा १.२१ प्रतिशतले ह्रास भई रु.३० अर्ब ४३ करोड ८१ लाखमा सीमित भएको छ। २०७९ पुस मसान्तमा यस्तो कर्जा अघिल्लो वर्षको तुलनामा १.७८ प्रतिशतले वृद्धि भएको थियो। २०८० पुस मसान्तमा यस प्रदेशको कुल कर्जामा सहुलियतपूर्ण कर्जाको हिस्सा ५.८९ प्रतिशत रहेको छ (**तालिका ५.४**)।

## ५.४ सेवा क्षेत्र कर्जा

२०८० पुस मसान्तमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल सेवा क्षेत्र कर्जा २०७९ पुस मसान्तको तुलनामा ४.७१ प्रतिशतले ह्रास भई रु.१ खर्ब ९४ अर्ब ३२ करोड ४ लाखमा सीमित भएको छ । २०७९ पुस मसान्तमा यस्तो कर्जा अघिल्लो वर्षको तुलनामा ८.१२ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा सेवा क्षेत्र कर्जाको हिस्सा ३७.५९ प्रतिशत रहेको छ ।

जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा कुल सेवा क्षेत्र कर्जामा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको ५४.०८ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको ०.०६ प्रतिशत रहेको छ (**तालिका ५.५**) ।

**तालिका ५.५: कुल सेवा कर्जाको जिल्लागत अवस्था (प्रतिशतमा)**

| जिल्ला | रकम (रु. करोडमा) | हिस्सा | जिल्ला | रकम (रु.करोडमा) | हिस्सा | जिल्ला | रकम (रु. करोडमा) | हिस्सा |
|---|---|---|---|---|---|---|---|---|
| रुकुमपूर्व | १०९.२४ | ०.०६ | अर्घाखाँची | ८२२.४६ | ०.४२ | कपिलवस्तु | ८,७८९.४७ | ४.५२ |
| रोल्पा | ९९६.२९ | ०.५१ | पाल्पा | ३,२६१.२० | १.६८ | दाङ | १९,३४१.१० | ९.९५ |
| प्यूठान | १,७०३.४९ | ०.८८ | नवलपरासी (ब.सु.प.) | १२,९७४.८६ | ६.६८ | बाँके | ३३,१२०.१६ | १७.०४ |
| गुल्मी | २,२३२.४० | १.१५ | रुपन्देही | १,०५,०८३.९७ | ५४.०८ | बर्दिया | ५,८८५.८३ | ३.०३ |
| **लुम्बिनी प्रदेश** | | | | | | | १,९४,३२०.४ | १०० |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## ५.५ सहकारी

यस अध्ययनमा लुम्बिनी प्रदेशमा रहेका बचत तथा ऋण सहकारी संस्थाहरुमध्येबाट रुपन्देही, बाँके, नवलपरासी( ब.सु.प.), पाल्पा र कपिलवस्तु जिल्लाबाट क्रमशः ५, ३, २, २ र १ गरी जम्मा १३ वटा मात्र बचत तथा ऋण सहकारी संस्थाहरु समेटिएका छन् । उक्त सहकारी संस्थाहरुको स्थलगत सर्वेक्षण गरी पुँजी, बचत, ऋण, सदस्य सङ्ख्या र रोजगारी सङ्ख्या सम्बन्धी तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ ।

### कुल पुँजी

अध्ययनमा समेटिएका सहकारी संस्थाहरुको कुल पुँजी २०८० पुस मसान्तसम्ममा २०७९ पुस मसान्तसम्मको तुलनामा ९.८२ प्रतिशतले वृद्धि भई रु.७ अर्ब ८९ करोड ८४ लाख पुगेको छ (**तालिका ५.५**) ।

### बचत परिचालन

अध्ययनमा समेटिएका सहकारी संस्थाहरुको कुल बचत परिचालन २०८० पुस मसान्तमा २०७९ पुस मसान्तको तुलनामा ६.१७ प्रतिशतले वृद्धि भई रु.१२ अर्ब ४ करोड २८ लाख पुगेको छ भने २०७९ पुस मसान्तमा बचत परिचालन अघिल्लो वर्षको तुलनामा ६.२४ प्रतिशतले वृद्धि भएको थियो (**तालिका ५.५**) ।

### कुल ऋण प्रवाह

अध्ययनमा समेटिएका सहकारी संस्थाहरुको कुल ऋण प्रवाह २०८० पुस मसान्तमा २०७९ पुस मसान्तको तुलनामा १.२८ प्रतिशतले ह्रास भई रु.११ अर्ब ८४ करोड भएको छ । २०७९ पुस मसान्तमा कुल ऋण प्रवाह अघिल्लो वर्षको तुलनामा ३.५५ प्रतिशतले वृद्धि भएको थियो (**तालिका ५.५**) ।

### सदस्य तथा कर्मचारी सङ्ख्या

अध्ययनमा समेटिएका बचत तथा ऋण सहकारी संस्थाहरुबाट प्राप्त तथ्याङ्क अनुसार २०८० पुस मसान्तमा २०७९ पुस मसान्तको तुलनामा सदस्य सङ्ख्या ८.०४ प्रतिशतले वृद्धि भई १ लाख ११ हजार ८ सय ५६ जना पुगेको छ । २०७९ पुस मसान्तमा उक्त सदस्य सङ्ख्या अघिल्लो वर्षको तुलनामा १२.४० प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, कर्मचारी सङ्ख्या २०८० पुस मसान्तमा २०७९ पुस मसान्तको तुलनामा ६.१६ प्रतिशतले ह्रास भई ३ सय २० जना पुगेको छ भने २०७९ पुस मसान्तमा कर्मचारी सङ्ख्या अघिल्लो वर्षको तुलनामा ७.५७ प्रतिशतले वृद्धि भएको थियो (**तालिका ५.६**) ।

| तालिका ५.६: सहकारी सेवा | | | | | |
|---|---|---|---|---|---|
| विवरण | २०७८ पुस मसान्तसम्म | २०७९ पुस मसान्तसम्म | २०८० पुस मसान्तसम्म | प्रतिशत परिवर्तन | |
| | | | | गत अवधि | समीक्षा अवधि |
| कुल पुँजी (रु.करोडमा) | ६,६७१.४९१ | ७,१९२.२५७ | ७,८९८.४१२१ | ७.८१ | ९.८२ |
| कुल बचत (रु.करोडमा) | १०,६७७.१६९ | ११,३४३.०७५ | १२,०४२.८३६ | ६.२४ | ६.१७ |
| कुल ऋण (रु.करोडमा) | ११,५८३.७९७ | ११,९९४.५५३ | ११,८४०.४२३ | ३.५५ | -१.२८ |
| सदस्य सङ्ख्या | ९२,११० | १,०३५२९ | १,११,८५६ | १२.४० | ८.०४ |
| कर्मचारी सङ्ख्या | ३१७ | ३४१ | ३२० | ७.५७ | -६.१६ |

*स्रोतः नमूना छनोटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरु*

## ५.६ परिवर्त्य विदेशी मुद्रा खरिद/बिक्री

लुम्बिनी प्रदेश अन्तर्गत नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयहरुले गरेको परिवर्त्य विदेशी मुद्रा खरिद समीक्षा अवधिमा गत वर्षको सोही अवधिको तुलनामा ११.०९ प्रतिशतले ह्रास भई कुल रु. ७९ करोड ४४ लाख भएको छ । खरिद गरिएका परिवर्त्य विदेशी मुद्राहरुमा अमेरिकी डलर १८५.५२ प्रतिशत र यूरो १९०.३६ प्रतिशतले वृद्धि भएको छ भने अन्य विदेशी मुद्रा ६६.०१ प्रतिशतले ह्रास भएको छ । यसैगरी आ.व. २०८०/८१ बाट कार्यान्वयनमा ल्याईएको परिवर्त्य विदेशी मुद्राको बिक्री अन्तर्गत अमेरिकी डलर, यूरो र अन्य विदेशी मुद्रा बिक्री क्रमशः ३५.३६ करोड, ८.१८ करोड र १५.५२ करोड भएको छ । (**तालिका ५.७**) ।

| तालिका ५.७: परिवर्त्य विदेशी मुद्रा खरिद/बिक्री विवरण (रु. करोडमा) | | | | | |
|---|---|---|---|---|---|
| विवरण | दुई वर्ष अघि | गत अवधि | समीक्षा अवधि | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
| | आ.व.२०७८/७९ (साउन-पुस) | आ.व.२०७९/८० (साउन-पुस) | आ.व.२०८०/८१ (साउन-पुस) | | |
| US Dollar खरिद | ७.३९ | १५.८१ | ४५.१४ | ११३.९४ | १८५.५२ |
| Euro खरिद | १.५८ | ३.६३ | १०.५४ | १२९.७५ | १९०.३६ |
| अन्य खरिद | ६.७८ | ६९.९१ | २३.७६ | ९३१.१२ | - ६६.०१ |
| **जम्मा खरिद** | **१५.७५** | **८९.३५** | **७९.४४** | ४६७.३० | - ११.०९ |
| US Dollar बिक्री | - | - | ३५.३६ | - | - |
| Euro बिक्री | - | - | ८.१८ | - | - |
| अन्य बिक्री | - | - | १५.५२ | - | - |
| **जम्मा बिक्री#** | - | - | **५९.०६** | - | - |

*स्रोत : नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालय*

**# आ.व. २०८०/८१ बाट बिक्रीमा सुरु गरिएको**

## ५.७ भारतीय मुद्रा खरिद/बिक्री

लुम्बिनी प्रदेश अन्तर्गत नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयहरुबाट समीक्षा अवधिमा भारतीय मुद्रा खरिद गत वर्षको सोही अवधिको तुलनामा ७३४.६९ प्रतिशतले वृद्धि भई कुल रु.४ करोड ९ लाख बराबर खरिद भएको छ भने भारतीय मुद्राको बिक्री ७५.८६ प्रतिशतले वृद्धि भई रु.१ करोड ५३ लाख भएको छ । समीक्षा अवधिमा केन्द्रीय कार्यालय तथा अन्य कार्यालयमा यस प्रदेश अन्तर्गतका कार्यालयहरुबाट भा.रु. तोडाचलान गरिएको छैन (**तालिका ५.८**) ।

**तालिका ५.८ : भारतीय मुद्रा खरिद/बिक्री विवरण** (रु. करोडमा)

| विवरण | दुई वर्ष अघि | गत अवधि | समीक्षा अवधि | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | आ.व.२०७८/७९ (साउन-पुस) | आ.व.२०७९/८० (साउन-पुस) | आ.व.२०८०/८१ (साउन-पुस) | | |
| भा.रु. खरिद | ०.६५ | ०.४९ | ४.०९ | -२४.६२ | ७३४.६९ |
| भा.रु बिक्री | ४.४५ | ०.८७ | १.५३ | -८०.४५ | ७५.८६ |
| तोडाचलान | ८.०० | - | - | -१००.०० | - |

*स्रोत : नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालय*

## ५.८ मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सी

### इजाजतपत्रप्राप्त मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सी

२०८० पुस मसान्तसम्ममा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयहरुबाट इजाजतपत्र प्राप्त मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुको सङ्ख्या ७३ रहेको छ । जसमध्ये, मनिचेञ्जर ५९, होटल/रिसोर्ट ११ र ट्राभल एजेन्सी ३ वटा रहेका छन । कुल एजेन्सीहरुमध्ये सबैभन्दा धेरै रुपन्देही जिल्लामा ४६ वटा र सबैभन्दा कम पाल्पा एवम् बर्दिया जिल्लामा १/१ वटा मात्र रहेका छन् ***(तालिका ५.९) ।***

**तालिका ५.९: मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुको विवरण**

| जिल्ला | मनिचेञ्जर | होटेल/रिसोर्ट | ट्राभल एजेन्सी | ट्रेकिङ्ग | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| नवलपरासी (ब.सु.प.) | ३ | | | | | ३ |
| रुपन्देही | ३८ | ५ | ३ | | | ४६ |
| कपिलवस्तु | ९ | | | | | ९ |
| पाल्पा | | १ | | | | १ |
| बाँके | ९ | ४ | | | | १३ |
| बर्दिया | | १ | | | | १ |
| **जम्मा** | **५९** | **११** | **३** | | | **७३** |

*स्रोत : नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालय*

## बक्स २ : प्यूठान जिल्लाको मल्लरानीमा जीप लाईन सञ्चालन





समुद्री सतहबाट करिव १६५५ मिटरको उचाइमा अवस्थित प्युठान जिल्लाको पर्यटकीय क्षेत्र मल्लरानी गाँउपालीका वडा नं. ४ मा जीपलाईन सञ्चालनमा रहेको छ । करिव ७ सय मिटर लम्बाई रहेको उक्त जीपलाईन मल्लरानी धाईरेचौर र पालेवन सामुदायिक वन उपभोक्ता समितिसँगको सहकार्यमा मल्लरानी इन्भेष्टमेन्ट प्रा.लि. मार्फत स्थानीयको रु.६० लाख लगानीमा जीप लाईन निर्माण भएको छ ।

भैगोलिक हिसाबले उपयुक्त रहेको मल्लरानी जीपलाईनबाट जाडो समयमा स्पष्ट रुपमा हिम श्रृखलाहरुका साथै अर्घाखाँची, बागलुङ, गुल्मी, रोल्पा जिल्लाका मनोरम दृश्यहरु देख्न सकिन्छ । उक्त जीपलाईन रहेको क्षेत्रमा डिभिजन वन कार्यालय, प्यूठानले जंगल जिमको लागि केही संरचना बनाएको छ भने सरकारी निकायबाट चिल्ड्रेन पार्क, वाटरफाउण्टेन, सुरुङ लगायतका पूर्वाधारहरुको निर्माण कार्य अगाडि बढेको छ । त्यस्तै, निजी क्षेत्रले भगवती मन्दिर, पिङ, सेल्फी स्ट्याण्ड लगायतका संरचनाहरु निर्माण भएका छन् । उक्त क्षेत्र वनभोज, दृष्यावलोकन, शैक्षिक भ्रमण आदिका लागि उपयुक्त मानिन्छ ।

उक्त क्षेत्रमा जीपलाईनको मनोरञ्जनका साथै धार्मिक, सांस्कृतिक एवम् अन्य भ्रमणहरु समेत हुने भएकाले होटल/रेष्टुरेण्ट सञ्चालनमा आउने र सयौको सङ्ख्यामा प्रत्यक्ष/अप्रत्यक्ष रोजगारी सिर्जना हुने देखिन्छ ।

***स्रोत : मल्लरानी इन्भेष्टमेन्ट प्रा.लि.***

## ५.११ सेवा क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

- यस प्रदेशका प्रमुख पर्यटकीय स्थलहरुमा आवश्यक पर्ने पर्यटकीय पूर्वाधार निर्माण गर्ने तथा पर्यटकहरुको लागि सुरक्षित वातावरण निर्माण गरी गुणस्तरीय सेवा सुविधा उपलब्ध गराई बसाई अवधि लम्ब्याउने कार्य ।
- यस प्रदेशमा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ नेपाल सरकारका बिभिन्न तह तथा निजी क्षेत्रवाट गरिएको ठूलो लगानी अनुसारको प्रतिफल प्राप्त गर्ने कार्य ।
- यस प्रदेशमा रहेका केही सामुदायिक विद्यालयहरु विद्यार्थीको प्रमुख आकर्षण भएजस्तै यस प्रदेशका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा गुणस्तरीय शिक्षाको माध्यमबाट स्तरोन्नति गर्ने कार्य ।
- प्रदेश सरकार तथा स्थानीय तहहरुको सुदृढीकरणका लागि घोषणा गरिएका विभिन्न पूर्वाधारहरु समयमै सम्पन्न गर्ने कार्य ।
- यस क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विमानस्थल, क्रिकेट स्टेडियम तथा सम्मेलन केन्द्रहरुको पूर्ण क्षमतामा सञ्चालन गर्ने कार्य ।
- बचत तथा ऋण सहकारी संस्थाहरुमा देखिएको समस्यालाई समयमै समाधान गरी सहकारी क्षेत्र प्रति जनताको विश्वसनीयता कायम गराउने कार्य ।

### सम्भावना

- यस प्रदेशको बुटवल क्षेत्रमा निर्माणाधिन सिद्धार्थ केवलकारको सञ्चालन पश्चात ऐतिहासिक महत्वको पर्यटकीय स्थल नुवाकोटमा थप आर्थिक गतिविधि तथा रोजगारी वृद्धि हुने सम्भावना रहेको ।
- यस प्रदेश अन्तर्गत रहेका धार्मिक/सांस्कृतिक एवम् अन्य पर्यटकीय स्थलहरुलाई समेटी गुणस्तरीय प्याकेज कार्यक्रम सञ्चालन गर्न सकेमा आन्तरिक तथा भारतलगायत अन्य देशहरुवाट स्थलमार्ग हुदै आउने पर्यटकहरुको बसाई अवधि लम्ब्याउन सकिने सम्भावना रहेको ।
- लुम्बिनी भ्रमणमा आउने पर्यटकहरुलाई केन्द्रमा राखेर तालिम प्राप्त गाईडको व्यवस्था एवम् गौतम बुद्धसँग सम्वन्धित डकुमेन्ट्रि प्रदर्शन गर्न सकेमा सेवा क्षेत्रमा थप रोजगारी सिर्जना हुने सम्भावना रहेको ।
- यस प्रदेशमा निर्माण भएका क्रिकेट स्टेडियम तथा सम्मेलन केन्द्रहरुमा राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका खेल तथा सम्मेलनहरु आयोजना गर्न सकिने सम्भावना रहेको ।

# परिच्छेद ६

# पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

### ६.१.१ नारायणघाट बुटवल सडक योजना (पश्चिम खण्ड)

नारायणघाट बुटवल सडक योजना (पश्चिम खण्ड) लुम्बिनी प्रदेश अन्तर्गतका नवलपरासी (ब.सु.प.) र रुपन्देही गरी दुई जिल्लामा पर्दछ । नवलपरासी (ब.सु.प.) जिल्लाको दाउन्ने देखि रुपन्देही जिल्लाको बुटवलसम्म पर्ने यस सडक खण्डको कुल लम्बाई ४८.५३५ किलोमिटर रहेको छ । यस सडक खण्ड अन्तर्गत बजार/बस्ती क्षेत्रमा ४ लेन सहित थप सर्भिस लेन, ग्रामीण क्षेत्रमा ४ लेन र दाउन्ने क्षेत्रमा ३ लेनको उच्च गुणस्तरको कालोपत्रे सडक निर्माण गर्नुका साथै ३० वटा साना-ठूला पुलहरु तथा कल्भर्टहरुको निर्माण गर्ने योजना रहेको छ ।

**आयोजना अवधिः**

शुरु भएको मितिः माघ, २०७५ (February, 2019)
सम्पन्न हुने मितिः श्रावण, २०८१ (July, 2024) (दोस्रो पटक म्याद थप सहित)

**आयोजनाको लागतः**

शुरु लागतः रु.७,८६,३४,०१,२१६/५४ (भ्याट र पि.एस सहित)
संशोधित लागतः रु.७,८६,३२,५२,७६८/४४ (भ्याट र पि.एस सहित)

**आयोजनाको प्रगति विवरणः (२०८० पुस मसान्तसम्म)**

- भौतिक प्रगतिः ४२.४६ प्रतिशत
- वित्तीय प्रगतिः २९.३४ प्रतिशत

**रोजगारीको अवस्थाः**

| स्वदेशी | | विदेशी | |
|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष |
| २० | ११८० | ० | २० |

**आयोजनाले आसपासको क्षेत्रमा पारेका प्रभावहरुः**

- निर्माणाधिन सडकखण्डमा यात्रा गर्न कठिनाई हुनुका साथै अधिक समय लाग्ने गरेको ।
- निर्माण कार्य गर्दा निस्केको धुँवा, धुलोका कारण मानव स्वास्थ्यमा प्रतिकूल असर परेको ।

**आयोजनाका समस्या तथा चुनौतीहरुः**

- रुख कटान स्वीकृति प्राप्त गर्न ढिलाई भएको कारणले Site clearance गर्न समस्या रहेको ।
- स्थानीय निर्माण सामग्री प्राप्त गर्न कठिनाई रहेको ।
- बिजुली पोल/खानेपानी आपूर्ति लाइनको स्थानान्तरण/अनुमति प्राप्त गर्न लामो प्रक्रिया हुनु ।
- बस्ती क्षेत्रमा पानीको निकास प्रणालीमा समस्या रहनु ।
- दाउन्ने खण्डमा कल्भर्ट निर्माण गर्दा एक लेनबाट मात्र यातायात सञ्चालन हुनु ।

- तुरिया र घोडाहा खोलामा रहेका साविक पुलहरु क्षतिग्रस्त भएकाले नयाँ बनेका २ लेनका पुलहरु मात्र सञ्चालनमा आइरहेकाले यी नदीहरुमा सवारी आवागमन ४ लेनमा नभई २ लेनमा सीमित हुनु ।

### ६.१.२ सिद्धबाबा सुरुङ मार्ग योजना

रुपन्देही र पाल्पा जिल्लामा अवस्थित सिद्धबाबा सुरुङ मार्ग योजनाको निर्माण कार्यका लागि Engineering Procurement and Construction (EPC) Modality मा निर्माण व्यवसायी श्री China State Construction Engineering Co. Ltd, No.15, Sanlihe Road, Haidan District, Beijing, China सँग भएको छ । यो योजनाको ठेक्का सम्झौता रकम भ्याट र पिएस सहित रु. ७ अर्ब ३४ करोड २१ लाख ४ हजार ७३४.१४ रहेको छ । यस योजना अन्तर्गत ११२६ मि. लामो सुरुङ मार्गको निर्माण तथा २४०० मि. सडक चौडा गरी सुधार गरिने ठेक्का सम्झौता रहेको छ ।

**ठेक्का सम्झौता मितिः** March 9, 2022 (२०७८/११/२५)

**ठेक्का सम्पन्न गर्नुपर्ने मितिः** यसलाई दुई Phase मा विभाजन गरिएको छः

**Phase I**: Engineering, Procurement and Construction Works: 1825 calender days from the date of commencement.

**Phase II**: Warrenty, Operation and Maintenance Works: 1825 calender days from the date of issuance of Taking Over Certificate.

**Latent Defects Liability Period:** 10 years from the date of issuance of Taking Over Certificate.

**आयोजनाको प्रगति विवरणः (२०८० पुस मसान्तसम्म)**

- भौतिक प्रगतिः १०.४० प्रतिशत
- वित्तीय प्रगतिः १५.२० प्रतिशत

**रोजगारीको अवस्थाः**

| स्वदेशी | | विदेशी | |
|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष |
| ४ | ११४ | – | २० |

**आयोजनाले आसपासको क्षेत्रमा पारेका प्रभावहरुः**

- निर्माण कार्यले गर्दा यात्रामा कठिनाई ।
- रोजगारी सिर्जनामा सकारात्मक प्रभाव परेको ।
- निर्माण सम्पन्न पश्चात पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने ।

**आयोजनाका सम्भावनाहरुः**

नेपालमा पहिलोपटक पूर्ण रुपमा नेपाल सरकारको लगानीमा निर्माण हुन लागेको यस सुरुङ मार्ग निर्माण भए लगत्तै बुटवल-पाल्पा सडक खण्डको यात्रा खतरा मुक्त हुनुका साथै सुरुङ मार्ग हेर्न आउने पर्यटकको सङ्ख्या बढ्न गई पर्यटन प्रवर्द्धनमा टेवा पुग्नुका साथै रोजगारी सिर्जनामा सहयोग पुग्ने देखिन्छ ।

**आयोजनाका समस्या तथा चुनौतीहरुः**

- भौगोलिक हिसावले अति नै जटिल क्षेत्र हुनु ।
- मौसमी कारणले बाह्रै महिना निर्माण कार्य गर्न समस्या हुनु ।
- स्वदेशी दक्ष जनशक्तिको अभाव हुनु ।

### ६.१.३ सिक्टा सिँचाई आयोजना

सिक्टा सिँचाई आयोजना लुम्बिनी प्रदेशको बाँके जिल्लामा अवस्थित छ । बाँकेको अगैयामा राप्ती नदीमा बाँध निर्माण गरी उक्त जिल्लाका हालका राप्तीपश्चिम रहेका ६ वटा गाउँपालिका, कोहलपुर नगरपालिका र नेपालगञ्ज उपमहानगरपालिका र राप्ती पूर्वतर्फ रहेको राजकुलो सिँचाई योजना समेतगरी यस आयोजनाबाट कुल ४२,७६६ हेक्टर कृषि योग्य भूमिमा सिँचाई उपलब्ध गराउने लक्ष्य रहेको छ ।

**आयोजना अवधिः**

शुरु मितिः आ.व. २०६२/६३
सम्पन्न हुने मितिः आ.व. २०८९/९० (संशोधित गुरुयोजना बमोजिम)

**आयोजनाको लागतः** ५२ अर्ब ८९ करोड (संशोधित गुरुयोजना बमोजिम)

**आयोजनाको प्रगति विवरणः (२०८० पुस मसान्तसम्म)**

- भौतिक प्रगतिः ३९.७६ प्रतिशत
- वित्तीय प्रगतिः ३८.९६ प्रतिशत

**रोजगारीको अवस्थाः** ३ लाख श्रम दिन

**आयोजनाले आसपासको क्षेत्रमा पारेका प्रभावहरुः**

- रोजगारी सिर्जनामा सकारात्मक प्रभाव परेको ।
- आन्तरिक पर्यटन प्रवर्द्धनमा टेवा पुगेको ।
- नदी नियन्त्रण भई बाढीको जोखिमबाट सुरक्षित भएको ।

**आयोजनाका समस्या तथा चुनौतीहरुः**

- जग्गा अधिग्रहण ।
- नहर अतिक्रमण (डुण्डुवा नहर ढलको रुपमा प्रयोग) ।
- राष्ट्रिय निकुञ्जभित्र कार्य गर्नुपर्दा निर्माण सामाग्री र वन्यजन्तुको समस्या ।

### ६.१.४ बबई सिँचाइ आयोजना

बर्दिया जिल्लाको करिव ३६,००० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यका साथ निर्माणाधिन बबई सिँचाइ आयोजनाको मुख्य स्थान बारबर्दिया-१०, बर्दियामा रहेको छ । यस आयोजनाले लुम्बिनी प्रदेशको बर्दिया जिल्लाका बारबर्दिया न.पा., बाँसगढी न.पा., गुलरिया न.पा., ठाकुरबाबा न.पा., मधुवन न.पा. र बढैयाताल गा.पा.मा प्रभाव पारेको छ ।

**आयोजना अवधिः**

शुरु मितिः आ.व. २०४५/४६
सम्पन्न हुने मितिः आ.व.२०८२/८३

**आयोजनाको लागतः** १८ अर्ब ९६ करोड ३० लाख चौवालिस हजार

**आयोजनाको प्रगति विवरण: (२०८० पुस मसान्तसम्म)**

- भौतिक प्रगति: ७२.२२ प्रतिशत
- वित्तीय प्रगति: ६९.३४ प्रतिशत

**रोजगारीको अवस्था:**

| स्वदेशी | | विदेशी | |
|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष |
| १४० | ३४५ | – | – |

**आयोजनाले आसपासको क्षेत्रमा पारेका प्रभावहरु:**

- रोजगारी सिर्जनामा सकारात्मक प्रभाव परेको ।
- बाढीबाट क्षतिग्रस्त क्षेत्र तथा संरचना संरक्षण कार्य भएको ।
- साईफन निर्माणबाट बाढीको सूचना स्थानीय बासिन्दालाई दिन सकिएको ।

**आयोजनाका समस्या तथा चुनौतीहरु:**

- जग्गा प्राप्तिमा सामाजिक तथा प्रक्रियागत जटिलता रहनु ।
- राष्ट्रिय निकुञ्जभित्र कार्य गर्नुपर्दा निर्माण सामाग्री र वन्यजन्तुको समस्या ।
- मुआब्जा दर निर्धारणमा कठिनाई हुनु ।
- बिजुली, इन्टरनेट, सवारी साधन तथा अन्य आवश्यक स्रोत साधनको समस्या रहनु ।

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

- विभिन्न निकायहरुबीच प्रभावकारी समन्वयको अभाव तथा प्रक्रियागत जटिलताका कारण आयोजनाहरु निर्धारित लागत र समयमा सम्पन्न गर्नु ।
- सीमित स्रोत तथा साधनका कारण सडक लगायतका पूर्वाधारहरुको गुणस्तरीय निर्माण कार्य गर्नु ।
- सार्वजनिक-निजी-साझेदारी मार्फत पूर्वाधार क्षेत्रमा लगानी आकर्षित गर्नु ।
- व्यवस्थित शहर बनाई पूर्वाधार तथा सेवा सुविधामा सर्वसाधारणको सहज पहुँच पुऱ्याउनु ।
- स्थानीय तहबाट निर्माण हुने भौतिक पूर्वाधारको गुणस्तर कायम तथा दिगोपना अभिवृद्धि गर्नु ।
- प्राकृतिक प्रकोप एवम् जलवायु परिवर्तनको अनुकूलतालाई समेत ध्यानमा राखी भौतिक पूर्वाधारका संरचना निर्माण गर्नु ।

### सम्भावना

- जनसाङ्ख्यिक लाभको उपयोग गर्दै बेरोजगार युवाहरुलाई पूर्वाधार विकासको काममा लगाउने सम्भावना रहेको ।

- स्थानीय तहको वित्तीय तथा प्रशासनिक स्वायत्तता, समावेशी सहभागिता, उदार अर्थतन्त्र, निजी क्षेत्रको सहकार्य र साझा सरोकारका विषयमा अन्तरतह साझेदारी पूर्वाधार क्षेत्र विकासको सम्भावना रहेको ।

- प्रदेशमा प्रशस्त मात्रामा रहेका नदीनालाहरुबाट सडक विकासको लागि चाहिने निर्माण सामाग्रीहरुको सहज उपलब्धता कारण यस क्षेत्रमा गुणस्तरीय सडक सञ्जालको विकास तथा विस्तार भई अन्य पूर्वाधारहरुको समेत विकासको सम्भावना रहेको ।

- लुम्बिनीमा पर्यटन प्रवर्द्धन गर्न लुम्बिनी सर्किटमा रेलसेवा विकासका लागि विदेशीहरुले समेत चासो देखाएकाले प्रदेश सरकारले नेपाल सरकार तथा लगानी बोर्डसित समन्वय गरेर रेलसेवा विकास गर्ने सम्भावना रहेको ।

- यस प्रदेशभित्र राष्ट्रिय गौरवका तीन वटा सिँचाइ आयोजनाहरु कार्यान्वयनमा रहेकाले नयाँ प्रविधि एवम् जल व्यवस्थापन मार्फत सिँचाइ सुविधा विस्तार गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन सकिने सम्भावना रहेको ।

## ६.३ रोजगारी

### ६.३.१ प्रधानमन्त्री रोजगार कार्यक्रम

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्राप्त तथ्याङ्क अनुसार लुम्बिनी प्रदेशमा आर्थिक वर्ष २०८०/८१ को पुस मसान्तसम्ममा ९८ हजार ८ सय २६ जना सूचीकृत बेरोजगार रहेका छन् । जस मध्ये पुरुष ६५ हजार ६ सय ६१, महिला ३३ हजार १ सय ५८ जना र अन्य ७ जना रहेका छन् । कुल सूचीकृत बेरोजगार मध्येबाट २०७ जनालाई यस कार्यक्रम अन्तर्गत कुल १५८१० दिनको रोजगारी प्रदान गरिएको छ । यस कार्यक्रम अन्तर्गत ७९५ आयोजनाहरु सञ्चालनमा रहेका छन् (**तालिका ६.१**) ।

**तालिका ६.१ : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८०/८१ को अर्धवार्षिक रोजगारी विवरण**

| सूचीकृत बेरोजगार | | | | रोजगारीमा संलग्न व्यक्ति | जम्मा रोजगारी दिन | आयोजना सङ्ख्या |
|---|---|---|---|---|---|---|
| पुरुष | महिला | अन्य | जम्मा | | | |
| ३३,१५८ | ६५,६६१ | ७ | ९८,८२६ | २०७ | १५,८१० | ७९५ |

*स्रोत : श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम*

| तालिका ६.२: आ.व. २०८०/८१ को अर्धवार्षिक जिल्लागत रोजगारीको विवरण | | | | |
|---|---|---|---|---|
| **जिल्ला** | **आयोजना संख्या** | **सूचीकृत बेरोजगार सङ्ख्या** | **रोजगारीमा संलग्न व्यक्ति** | **कुल रोजगारी दिन** |
| रुकुमपूर्व | – | ४,३९४ | – | – |
| रोल्पा | १४५ | १०,१३९ | ५७ | ५,१०० |
| प्यूठान | ६४ | १२,०४० | – | – |
| गुल्मी | ११६ | १२,४४१ | ५८ | २,०३७ |
| अर्घाखाँची | ७१ | ८,६२६ | – | – |
| पाल्पा | ६५ | ६,५४२ | – | – |
| नवलपरासी(ब.सु.प.) | ५१ | २,७१९ | – | – |
| रुपन्देही | ६६ | ६,९६६ | ४० | ३,५०१ |
| कपिलवस्तु | ४८ | ५,५१३ | – | – |
| दाङ | १२ | ८,००१ | ६ | ६०० |
| बाँके | १३५ | ५,७७७ | ३२ | ३,२०० |
| बर्दिया | २२ | १५,६६८ | १४ | १,३७२ |
| जम्मा | ७९५ | ९८,८२६ | २०७ | १५,८१० |

*स्रोत : श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम*

उल्लिखित आयोजनाहरुमा आर्थिक वर्ष २०८०/८१ को पुस मसान्तसम्ममा कुल १५ हजार ८ सय १० रोजगारी दिन सिर्जना भएको छ । जिल्लागतरुपमा विश्लेषण गर्दा समीक्षा अवधिमा सूचीकृत बेरोजगार युवाहरुको सङ्ख्या सबैभन्दा बढी बर्दियामा १५ हजार ६ सय ६८ जना रहेको छ भने सबैभन्दा कम नवलपरासी (ब.सु.प.)मा २ हजार ७ सय १९ जना रहेको छ (**तालिका ६.२**) ।

## बक्स ३: अर्घाखाँची जिल्लाको भूमिकास्थान नगरपालिकामा उत्पादन कार्यक्रम




अर्घाखाँची जिल्लाको भूमिकास्थान नगरपालिकाले स्थानीयस्तरमा रोजगारी सिर्जना गरी नगरवासीहरुको आम्दानी वृद्धि गर्ने/गराउने तथा बसाई सराईलाई समेत न्यूनीकरण गर्ने उद्देश्यले कर्मशील जनशक्ति रोजगार आयआर्जन कार्यविधि, २०८० अनुसार स्थानीय कच्चा पदार्थ थाकलको पात र मकैको पोस्करबाट झोला र टोपीहरु बनाउने कार्य तथा बाँझो जग्गामा प्याज र गहत खेती गर्ने कार्य गरेको छ । यस कार्यक्रमले नगरपालिका क्षेत्रको खेतीयोग्य जग्गा व्यवस्थापन गर्दै प्रधानमन्त्री रोजगार कार्यक्रमले समेटन नसकेको सूचिकृत बेरोजगार तथा अन्य जनशक्तिहरुलाई स्थानीय रोजगारमा समेट्ने कार्य गरेको छ । साथै, यस कार्यक्रमबाट नगरपालिकाको चालु आर्थिक वर्षमा रु. ५ लाख आम्दानी हुने अनुमान रहेको छ ।

**लगानी** :– नगरपालिकाको निशर्त बजेटबाट चालु आर्थिक वर्षको लागि रु. ५०,००,०००/- बजेट विनियोजन ।

**क्षेत्र तथा क्षेत्रफल** – भूमिकास्थान नगरपालिका ( करिव १५० रोपनी )

**कच्चा पदार्थ/साधन** – थाकलको पात, मकैको पोस्कर, बांझो जग्गा, मल, बीउबिजन तथा उपकरण

**रोजगारी** – करिव २६८ जना

**उत्पादित बस्तु** – टोपी, झोला, प्याज र गहत

**बजार क्षेत्र**– ***कृषिजन्य उत्पादन*** –अर्घाखाँची, रुपन्देही तथा कपिलबस्तु जिल्ला

***हस्तकला उत्पादन*** –स्वदेश/विदेश

**भावी योजना** – उत्पादन वृद्धि गर्दै करिब १००० रोपनी बांझो जमिनको प्रयोग तथा करिव २००० जनालाई रोजगारी ।

**कार्यक्रमका सम्भावना** – सूचीकृत बेरोजगारको सङ्ख्या न्यून हुने, खेतीयोग्य बाँझो जमिनको प्रयोग, स्थानीय जनशक्तिमा सीप विकास गरी व्यावसायिक क्षमता अभिवृद्धिका साथै आय स्तरमा वृद्धि हुने ।

**समस्या/चुनौतीहरु** – उत्पादित वस्तुहरुको गुणस्तर मापनका लागि दक्ष जनशक्ति एवम् प्राविधिक समस्या, उत्पादित वस्तुको वातानुकुलित भण्डारण गर्न, निरन्तर रुपमा राष्ट्रिय/अन्तर्राष्ट्रिय बजार प्राप्त गर्न, जंगली जनावरबाट बाली संरक्षण गर्न एवम् सूचीकृत बेरोजगारहरुलाई दीगोरुपमा परिचालन गर्न ।

***स्रोत : भूमिकास्थान नगरपालिकामा, अर्घाखाँची***

## ६.४ रोजगारी क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

- आन्तरिक रोजगारी सीमित हुनाका कारण युवा जनशक्तिलाई वैदेशिक रोजगारीमा जानबाट रोक्नु ।
- उत्पादनशील क्षेत्र विस्तार गरी रोजगारीका अवसरहरु सिर्जना गर्नु ।
- अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रमा ल्याउनु ।
- सामाजिक आवश्यकता र श्रम बजारको माग अनुरुप सीपयुक्त जनशक्तिको विकास एवं व्यवस्थापन गर्नु ।
- शिक्षालाई व्यावहारिक एवम् रोजगारमूलक बनाई उद्यमशीलता विकास गर्नु ।
- असल र मर्यादित औद्योगिक श्रम सम्बन्धको स्थापना र विकास गर्नु ।
- उपलब्ध जनशक्तिलाई स्थानीयस्तरका रोजगारमूलक कार्यक्रमहरु मार्फत आन्तरिक उत्पादन बढाउनु र श्रमलाई सम्मान गर्ने सामाजिक सस्कृँति विकास गर्नु ।
- वैदेशिक रोजगारीबाट सिर्जित संरचनागत जोखिमहरु कम गर्दै यसबाट प्राप्त पुँजी, प्रविधि, ज्ञान र सीपलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।

### सम्भावना

- न्यूनतम रोजगारीको प्रत्याभूति हुने गरी संघीय सरकार मार्फत सुरु गरिएको प्रधानमन्त्री रोजगार कार्यक्रम लगायत विशेष कार्यक्रमले रोजगारी विस्तार हुने सम्भावना रहेको ।
- शैक्षिक बेरोजगार तथा वैदेशिक रोजगारबाट फर्केका व्यक्तिलाई ऋण सुविधा उपलब्ध गराउने व्यवस्थाले थप रोजगारी सिर्जना हुने सम्भावना रहेको ।
- व्यावसायिक वातावरण सुधार गर्ने तथा लगानीकर्ताको विश्वास बढाउने उद्देश्यले हुने लगानी सम्मेलनका कारण आन्तरिक तथा विदेशी लगानी वृद्धि भई रोजगारी सिर्जना हुने सम्भावना रहेको ।
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण सञ्चालनमा आएमा लुम्बिनी तथा बुद्ध सर्किटका जिल्लाहरुमा धार्मिक पर्यटकहरुको आगमन बढ्ने भएकोले पर्यटन क्षेत्रसँग सम्बन्धित रोजगारी बढ्ने सम्भावना रहेको ।
- प्रदेश सरकारले कृषि तथा कृषिजन्य उत्पादनमा ऋण, सहुलियत सुविधा आदि उपलब्ध गराएको परिप्रेक्ष्यमा कृषि क्षेत्रको रोजगारी बढ्ने सम्भावना रहेको ।
- भैरहवा विशेष आर्थिक क्षेत्रको थप विकास गर्ने सरकारको नीति हुनु, थप उद्योगहरु स्थापनाका लागि दर्ता हुनु, विद्युतको सहज आपूर्तिका लागि सवस्टेशन समेत निर्माण कार्य भईरहनु जस्ता कारणले औद्योगिक क्षेत्रमा थप बढ्ने सम्भावना रहेको ।

# परिच्छेद ७
# प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ कार्यक्रम तथा परियोजनाको कार्यान्वयन


### ७.१.१ लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनाको बजेट कार्यान्वयन स्थिति

आर्थिक वर्ष २०८०/८१ का लागि लुम्बिनी प्रदेश सरकारले कुल बजेट रु.४० अर्ब ४७ करोड ९७ लाख विनियोजन गरेको छ। प्रदेश लेखा नियन्त्रण कार्यालयका अनुसार चालु आर्थिक वर्ष पहिलो ६ महिनाको अवधिमा रु.७ अर्ब ४८ करोड ७५ लाख खर्च भएको छ जुन कुल विनियोजन बजेटको १८.५० प्रतिशत मात्र हो भने गत आर्थिक वर्षको सोही अवधिमा विनियोजन भएको बजेटको १८.४५ प्रतिशत खर्च भएको थियो (**तालिका ७.१**)।

**तालिका ७.१: लुम्बिनी प्रदेश सरकारको वित्त स्थिति** *(रु.दश लाखमा)*


| शीर्षक | आ.व. २०७९/८० | | आ.व. २०८०/८१ | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | बजेट | खर्च (साउन–पुस) | बजेट | खर्च (साउन–पुस) | गत वर्षको | समीक्षा वर्षको |
| **कुल खर्च** | **४२,६३५.७** | **७,८६६.८५** | **४०,४७९.७** | **७,४८७.५९** | **१८.४५** | **१८.५०** |
| चालु खर्च | १८,१५८.६५ | ४,२१७.४४ | १७,२२२.८ | ३,८०२.२ | २३.२३ | २२.०८ |
| पुँजीगत खर्च | २४,४७७.०५ | ३,६४९.४१ | २३,२५६.९ | ३,६८५.३९ | १४.९१ | १५.८५ |
| वित्तीय व्यवस्था | – | – | – | – | – | – |
| **कुल राजश्व** | **१९,०९६.३०** | **५,१९६.००** | **२०,८४५.५०** | **५,६५१.६३** | **२७.२१** | **२७.११** |
| कर राजश्व | १५,३५३.५ | ३,८५२.६ | १५,३२१.४० | ४,७४४.४७ | २५.०९ | ३०.९७ |
| गैरकर | ३,७३५.८ | ६८२.५ | ४,६८४.१० | ६२१.३६ | १८.२७ | १३.२७ |
| अन्य.. | ७ | ६६०.९ | ८४०.०० | २८५.८ | ९४४१.४३ | ३४.०२ |
| **अनुदान प्राप्ति** | **१८,४७६.४०** | **६,७२४.७६** | **१५,३८४.२०** | **६,४५४.२३** | **३६.४०** | **४१.९५** |
| समानीकरण | ८,५४१.७० | ४,२७०.८५ | ८,१४८.३० | ४,०७४.१५ | ५०.०० | ५०.०० |
| सशर्त | ८,७१२.२० | २,४५३.९१ | ५,८३५.९० | १,८८६.५८ | २८.१७ | ३२.३३ |
| विशेष | ४८३.५० | ०.०० | ५६०.०० | १८२.०० | ०.०० | ३२.५ |
| समपूरक | ७३९.०० | ०.०० | ८४०.०० | ३११.५० | ०.०० | ३७.०८ |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, लुम्बिनी प्रदेश*




*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, लुम्बिनी प्रदेश*

आर्थिक वर्ष २०८०/८१ मा चालु खर्च तर्फ विनियोजित रु.१७ अर्ब २२ करोड मध्ये २०८० पुस मसान्तसम्म रु.३ अर्ब ८० करोड खर्च भएको छ जुन विनियोजित चालु खर्चको २२.०८ प्रतिशत मात्र हो भने गत वर्षको सोही अवधिमा विनियोजित रकमको २३.२३ प्रतिशत खर्च भएको थियो । त्यसैगरी, पुँजीगत खर्चतर्फ विनियोजित रु.२३ अर्ब २५ करोडमध्ये २०८० पुस मसान्तसम्ममा रु.३ अर्ब ६८ करोड खर्च भएको छ जुन विनियोजित पुँजीगत खर्चको १५.८५ प्रतिशत हो भने गत आर्थिक वर्षको सोही अवधिमा विनियोजित रकमको १४.९१ प्रतिशत खर्च भएको थियो (**चार्ट ७.१**) ।




*स्रोत : प्रदेश लेखा नियन्त्रक कार्यालय, लुम्बिनी प्रदेश*

लुम्बिनी प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ मा आन्तरिक स्रोत र राजश्व बाँडफाँडबाट गरी कुल रु.२० अर्ब ८४ करोड राजश्व परिचालन हुने अनुमान गरेकोमा २०८० पुस मसान्तसम्म रु. ५ अर्ब ६५ करोड राजश्व

परिचालन गरेको छ जुन कुल लक्षित राजश्वको २७.११ प्रतिशत मात्र हो । जसमा कर राजश्व, गैरकर राजश्व तथा अन्य राजश्व क्रमशः ३०.९७ प्रतिशत, १३.२७ प्रतिशत र ३४.०२ प्रतिशत रहेको छ (**चार्ट ७.२**) ।

यसैगरी, समीक्षा वर्षमा प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपूरक गरी कुल रु. १५ अर्ब ३८ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०८० पुस मसान्तसम्म कुल रु.६ अर्ब ४५ करोड अनुदान प्राप्त गरेको छ जुन लक्षित अनुदानको ४१.९४ प्रतिशत हो । जसमध्ये, समानीकरण अनुदान रु.४ अर्ब ७ करोड र सशर्त अनुदान रु १ अर्ब ८८ करोड प्राप्त गरेको छ भने प्रदेशले संघबाट समपूरक र विशेष अनुदानको रुपमा क्रमशः रु.३१ करोड १५ लाख र रु.१८ करोड २० लाख प्राप्त गरेको छ (**तालिका ७.१**) ।

## ७.२ स्थानीय तहको बजेटको प्रगति अवस्था

### खर्च

लुम्बिनी प्रदेशका १०९ वटा स्थानीय तहहरुमध्ये छनौटमा परेका ४ उप-महानगरपालिका र १ नगरपालिकाको समीक्षा अवधिमा एकीकृत कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.९१ प्रतिशतले वृद्धि भई रु.२ अर्ब ६ करोड ४५ लाख भएको छ । कुल खर्च अन्तर्गत चालु खर्च २.०६ प्रतिशत र वित्तीय व्यवस्थातर्फ २६.४६ प्रतिशतले वृद्धि भएको छ भने पुँजीगत तर्फ ४.३१ प्रतिशतले न्यून खर्च भएको छ (**तालिका ७.२**) ।

**तालिका ७.२: छनौटमा परेका स्थानीय तहहरुको एकीकृत बजेट (रु.दश लाखमा)**

| उप-शीर्षक | आ.व. २०७९/८० | | आ.व. २०८०/८१ | | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | अनुमानित | वास्तविक (साउन-पुस) | अनुमानित | वास्तविक (साउन-पुस) | |
| **कुल खर्च** | ७,१४९.५३ | २,०४५.८६ | ६,५८५.५३ | २,०६४.५५ | ०.९१ |
| चालु खर्च | ४,०७४.७५ | १,६३९.९० | ३,९९०.८० | १,६७३.६२ | २.०६ |
| पुँजीगत खर्च | ३,०५६.७८ | ३९७.९१ | २,५७३.२३ | ३८०.७५ | - ४.३१ |
| **वित्तीय व्यवस्था** | १८.०० | ८.०५ | २१.५० | १०.१८ | २६.४६ |

*स्रोत: छनौटमा परेका स्थानीय तहहरु*

कुल खर्चको स्थानीय तहगत विश्लेषण गर्दा समीक्षा अवधिमा कुल अनुमानित खर्चको सिद्धार्थनगर नगरपालिकाले २३.५४ प्रतिशत खर्च गरेको छ भने बुटवल उप-महानगरपालिका, तुलसीपुर उप-महानगरपालिका, घोराही उप-महानगरपालिका र नेपालगञ्ज उप-महानगरपालिकाले क्रमशः १९.३१ प्रतिशत, ३०.७७ प्रतिशत, ५७.३५ प्रतिशत र ७९.३७ प्रतिशत खर्च गरेका छन् (**तालिका ७.३** ) ।

**तालिका ७.३: छनौटमा परेका स्थानीय तहहरुको खर्च स्थिति (रु.दश लाखमा)**

| स्थानीय तह | अनुमानित खर्च | वास्तविक खर्च (साउन-पुस) | वास्तविक खर्च (प्रतिशत) |
|---|---|---|---|
| सिद्धार्थनगर नगपालिका | १,१२६.१३ | २६५.०५ | २३.५४ |
| बुटवल उप-महानगरपालिका | २,३६५.३९ | ४५६.८४ | १९.३१ |
| तुल्सीपुर उप-महानगरपालिका | १,७९४.५६ | ५५२.२५ | ३०.७७ |
| घोराही उप-महानगरपालिका | १,०९४.४८ | ६२७.७२ | ५७.३५ |
| नेपालगञ्ज उप-महानगरपालिका | २०४.९७ | १६२.६९ | ७९.३७ |
| **कुल खर्च रकम** | ६,५८५.५३ | २,०६४.५५ | ३१.३५ |

*स्रोत: छनौटमा परेका स्थानीय तहहरु*

### राजश्व

छनौटमा परेका स्थानीय तहहरुमा समीक्षा अवधिमा कुल राजश्व संकलन गत वर्षको सोही अवधिको तुलनामा २.०७ प्रतिशतले ह्रास भई रु. ६४ करोड ३३ लाख भएको छ। कुल राजश्व संकलन अर्न्तगत कर राजश्व ३०.३१ प्रतिशतले ह्रास र गैर कर राजश्वको लक्ष्यको तुलनामा बढी राजश्व संकलन हुदाँ ६४४.१३ प्रतिशतले बृद्धि भएको देखिएको छ ***(तालिका ७.४)***।

**तालिका ७.४: छनौटमा परेका स्थानीय तहहरुको एकीकृत राजश्व (रु. दश लाखमा)**

| उप-शिर्षक | आ.व. २०७९/८० (साउन-पुस) | | आ.व. २०८०/८१ (साउन-पुस) | | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | अनुमानित | वास्तविक (साउन-पुस) | अनुमानित | वास्तविक (साउन-पुस) | |
| **कुल राजश्व** | १,५३७.८७ | ६५६.८८ | १,६४२.४५ | ६४३.३० | – २.०७ |
| कर राजश्व | ९०७.९६ | ६२९.३७ | १,००१.३० | ४३८.५९ | – ३०.३१ |
| गैर कर राजश्व | ६२९.९१ | २७.५१ | ६४१.१५ | २०४.७१ | ६४४.१३ |
| **अन्य** | – | – | | | |

*स्रोतः छनौटमा परेका स्थानीय तहहरु*

कुल राजश्व संकलनको स्थानीय तहगत विश्लेषण गर्दा समीक्षा अवधिमा स्थानीय तहहरुले कुल अनुमानित राजश्वको ३९.१७ प्रतिशत संकलन गरेका छन् जसमध्ये घोराही उप-महानगरपालिका, नेपालगञ्ज उप-महानगरपालिका, सिद्धार्थनगर नगरपालिका, तुलसीपुर उप-महानगरपालिका र बुटवल उप-महानगरपालिकाले क्रमशः १०४.७९ प्रतिशत, ९९.५५ प्रतिशत, ५५.४१ प्रतिशत, ३४.०३ प्रतिशत र ३४.०२ प्रतिशत राजश्व संकलन गरेका छन् ***(तालिका ७.५)***।

**तालिका ७.५: छनौटमा परेका स्थानीय तहहरुको राजश्व (रु.दश लाखमा)** आ.व. २०८०/८१ (साउन-पुस)

| स्थानीय तह | अनुमानित राजश्व | वास्तविक राजश्व | राजश्व संकलन (प्रतिशत) |
|---|---|---|---|
| सिद्धार्थनगर नगरपालिका | ११९.५० | ६६.२१ | ५५.४१ |
| बुटवल उप-महानगरपालिका | १,२२८.५३ | ४१७.९८ | ३४.०२ |
| तुलसीपुर उप-महानगरपालिका | २१०.०० | ७१.४६ | ३४.०३ |
| घोराही उप-महानगरपालिका | ६८.८५ | ७२.१५ | १०४.७९ |
| नेपालगञ्ज उप-महानगरपालिका | १५.५७ | १५.५ | ९९.५५ |
| **जम्मा** | **१,६४२.४५** | **६४३.३०** | **३९.१७** |

*स्रोतः छनौटमा परेका स्थानीय तहहरु*

### अनुदान तथा हस्तान्तरण

छनौटमा परेका स्थानीय तहहरुको समीक्षा अवधिमा कुल अनुदान तथा हस्तान्तरण रकम गत वर्षको सोही अवधिको तुलनामा ७.२९ प्रतिशतले ह्रास भई रु. १ अर्ब ९२ करोड ४७ लाख भएको देखिन्छ। कुल अनुदान तथा हस्तान्तरण अर्न्तगत समानीकरण अनुदान, समपूरक अनुदान र सशर्त अनुदान क्रमशः २.३८ प्रतिशत, ४८.३७ प्रतिशत, ८३.३६ प्रतिशत र ६.३२ प्रतिशतले ह्रास भएको छ (**तालिका ७.६**)।

**तालिका ७.६: छनौटमा परेका स्थानीय तहहरुको एकीकृत अनुदान तथा हस्तान्तरण (रु.दश लाखमा)**

| उप-शिर्षक | २०७९/८० | | २०८०/८१ | | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | अनुमानित | वास्तविक (साउन-पुस) | अनुमानित | वास्तविक (साउन-पुस) | |
| **कुल अनुदान तथा हस्तान्तरण** | ३,५५३.५१ | २,०७५.९७ | ३,२०८.७४ | १,९२४.७२ | – ७.२९ |
| समानीकरण | १,१५७.२८ | ५९७.६३ | १,१४१.६७ | ५८३.३९ | – २.३८ |
| समपूरक | २०८.०० | ५४.८९ | ९७.२४ | २८.३४ | – ४८.३७ |
| विशेष | १२२.५६ | २६.५६ | ४५.९२ | ४.४२ | – ८३.३६ |
| सशर्त | २,०६५.६७ | १,३९६.८९ | १,९२३.९१ | १,३०८.५७ | – ६.३२ |

*स्रोतः छनौटमा परेका स्थानीय तहहरु*

स्थानीय तहगत विश्लेषण गर्दा समीक्षा अवधिमा अनुमानित कुल अनुदान तथा हस्तान्तरणको सिद्धार्थनगर नगरपालिकाले ५५.९८ प्रतिशत प्राप्त गरेको छ भने तुलसीपुर उप-महानगरपालिका, बुटवल उप-महानगरपालिका, घोराही उप-महानगरपालिका र नेपालगञ्ज उप-महानगरपालिकाले क्रमशः ४७.९२ प्रतिशत, ५६.०३ प्रतिशत, ८०.८२ प्रतिशत र ९३.७२ प्रतिशत प्राप्त गरेका छन् (**तालिका ७.७**)।

**तालिका ७.७: छनौटमा परेका स्थानीय तहहरुको अनुदान तथा हस्तान्तरण(रु.दश लाखमा)**

| स्थानीय तह | अनुमानित | वास्तविक (साउन-पुस) | अनुदान तथा हस्तान्तरणको हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| सिद्धार्थनगर नगरपालिका | ५१८.६८ | २९०.३४ | ५५.९८ |
| बुटवल उप-महानगरपालिका | ८७३.०१ | ४८९.१५ | ५६.०३ |
| तुलसीपुर उप-महानगरपालिका | १,०२५.५९ | ४९१.४८ | ४७.९२ |
| घोराही उप-महानगरपालिका | ६८२.३५ | ५५१.४९ | ८०.८२ |
| नेपालगञ्ज उप-महानगरपालिका | १०९.११ | १०२.२६ | ९३.७२ |
| **जम्मा** | ३,२०८.७४ | १,९२४.७२ | ५९.९८ |

*स्रोतः छनौटमा परेका स्थानीय तहहरु*

# परिच्छेद ८

# आर्थिक परिदृष्य

## ८.१ कृषि उत्पादन

- खेती योग्य जमिन घटेता पनि उन्नत बीउबिजन एवम् मलखादको प्रयोग, व्यावसायिक खेती प्रणालीको विस्तारसँगै तीनै तहका सरकारहरुले कृषिलाई प्राथमिकतामा राखी अवलम्बन गरिएका नीति तथा कार्यक्रमबाट कृषि उत्पादनमा वृद्धि हुने देखिन्छ।
- यस प्रदेशका विभिन्न जिल्लाहरुमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत मकै जोन/मिसन कार्यक्रम सञ्चालन, उन्नत बीउको प्रयोग तथा बसन्ते मकै क्षेत्र विस्तारका कारण आगामी अवधिमा मकै उत्पादन वृद्धि हुने अनुमान गरिएको छ।
- कोदो, जौ र फाँपर लगायतका उत्पादनहरुले ढाकेको क्षेत्रफल र उत्पादन दुबै घटेको तथा कृषकहरु विस्तारै अन्य बालीतर्फ आकर्षित भएका कारण आगामी अवधिमा यस्ता उत्पादनहरु ह्रास हुने अनुमान रहेको छ।
- युवाहरुको व्यावसायिक तरकारी खेतीतर्फ आकर्षण, उन्नत बीउबिजनको प्रयोग, विभिन्न अनुदान कार्यक्रमका कारण तरकारी बालीले ढाकेको क्षेत्रफल र उत्पादन समेतमा वृद्धि देखिएको कारण आगामी अवधिमा तरकारी उत्पादन वृद्धि हुने अनुमान गरिएको छ।
- यस प्रदेशका विभिन्न जिल्लाहरुमा फलफूल प्रवर्द्धन तथा बगैचा सुदृढीकरण कार्यक्रमहरु लागू हुनु तथा सुन्तला, आँप, ड्रागन फ्रुट, केरा तथा कागती खेतीतर्फ किसानहरुको आकर्षण बढेका कारण आगामी अवधिमा फलफूल उत्पादन वृद्धि हुने अनुमान रहेको छ।
- यस प्रदेशका विभिन्न जिल्लाहरुमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत व्यावसायिक पशुपन्छीपालन, माछापालनका लागि ब्लक/जोन कार्यक्रम सञ्चालनमा रहनुका साथै स्थानीय तह र कृषि ज्ञान केन्द्रबाट सञ्चालित पशु नश्ल सुधार कार्यक्रम, प्राविधिक तथा भेटेरीनरी सेवाको विस्तारका कारण व्यावसायिक पशुपन्छीपालन, माछापालन जस्ता कार्यमा कृषकको आकर्षण बढ्दै गएकोले दुध, अण्डा, माछा, मासुको उत्पादन वृद्धि हुने अनुमान गरिएको छ।
- संघीय तथा प्रदेश वन नियमावली, २०७९ लागू भएको तथा अधिकांश जिल्लाहरुमा वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रम सञ्चालनमा रहेको कारण आगामी वर्षमा वनजन्य उत्पादनमा वृद्धि हुने अनुमान रहेको छ।

## ८.२ औद्योगिक उत्पादन

- समीक्षा अवधिमा बजार शिथिलताका कारण प्रतिकूल भएको उद्योग क्षेत्र नेपाल सरकार र नेपाल राष्ट्र बैंकले लिएका नीतिगत सुधारका कारण पूर्वाधार निर्माणमा विस्तार हुनुका साथै बैंक ब्याजदरमा समेत क्रमिक सुधार भई थप पुँजी परिचालन भई आगामी अवधि औद्योगिक उत्पादन केही बढ्ने अनुमान गरिएको छ।
- पछिल्लो समय घरजग्गा कारोवारमा भएको सुधार, पूर्वाधार निर्माण, सहज तरलताका साथै केही मात्रामा भारतीय बजारमा निर्यात समेत हुने गरेकाले सिमेन्ट उद्योगहरुमा थप लगानी विस्तार भई यस प्रदेशमा सिमेन्टको उत्पादन करिव ५ प्रतिशतले वृद्धि हुने अनुमान छ।
- नेपाली कुकरको बजार माग क्रमश बढ्दै गएको कारण आगामी अवधिमा आल्मुनियम उत्पादन बढ्ने प्रक्षेपण छ।

- पछिल्लो समय लुगाधुने मेसिनको प्रयोग बढ्दै गइरहेको परिप्रेक्ष्यमा डिटर्जेन्ट पाउडरको उत्पादनमा करिब ४० प्रतिशत वृद्धि हुने प्रक्षेपण गरिएको छ ।
- भारतले समय-समयमा खाद्य कच्चा पदार्थमा रोक लगाउँदा खाद्य उद्योगहरुको क्षमता उपयोग न्यून हुने भएकाले कच्चा पदार्थको सहज आयात हुन सकेमा उद्योगहरुको क्षमता उपयोग वृद्धि हुने देखिन्छ ।

## ८.३ सेवा क्षेत्र

- समीक्षा अवधिमा नेपालको पर्यटन क्षेत्र कोभिडपूर्वकै अवस्थामा पुगेको तथा पछिल्लो समय आन्तरिक पर्यटकहरुको आवागमन समेत क्रमिक रुपमा बढ्दै गएको कारण विभिन्न धार्मिक तथा अन्य पर्यटकीय स्थलहरुमा आउने पर्यटकहरुको सङ्ख्यामा वृद्धि भई आगामी अवधिमा पर्यटकीय गतिविधिहरु बढ्ने देखिन्छ ।
- नेपाल सरकारको प्रत्येक स्थानीय तहहरुमा कम्तीमा १५ बेडको अस्पताल स्थापना गर्ने नीति लिएका कारण सामुदायिक तथा निजी अस्पताल/स्वास्थ्य केन्द्रमा चिकित्सकको सङ्ख्या र शैया सङ्ख्यामा वृद्धि भई आगामी अवधिमा यस प्रदेशको स्वास्थ्य सेवा प्रवाहमा सुधार/वृद्धि हुने देखिन्छ ।
- पेट्रोलियम पदार्थको उच्च मूल्य, विद्युतको नियमित आपूर्ति, विद्युतीय सवारी साधनहरुमा करका दरहरु न्यून हुनु र सञ्चालन लागत कम हुनुका कारण प्रदेशभित्र विद्युतीय सवारीसाधनको प्रयोग आगामी अवधिमा बढ्ने देखिन्छ ।
- पछिल्लो समय बैकहरुमा लगानीयोग्य साधनहरुको पर्याप्तता, घरजग्गा लगानी सम्बन्धमा नीतिगत लचकता तथा विप्रेषण आप्रवाहमा भएको उल्लेख्य वृद्धिका कारण आगामी अवधिमा घरजग्गा कारोवारमा वृद्धि हुने देखिन्छ ।
- सिद्धार्थ केवलकार चाडै सञ्चालनमा आउने भएकाले यस क्षेत्रमा पर्यटन क्षेत्रको विस्तार भई थप रोजगारी समेत सिर्जना हुने देखिन्छ ।

## ८.४ पूर्वाधार क्षेत्र

- यस प्रदेश अन्तर्गतका सडकखण्डहरुको स्तरोन्नति गर्ने कार्य भइरहेको कारण हाल यातायात सेवा असहज भएतापनि आयोजनाहरु सम्पन्न भए पश्चात् सडक यातायात लगायत थप पूर्वाधार विस्तारको सम्भावना रहेको ।
- तिलोत्तमा नगरपालिका ७ मा निर्माण सम्पन्न एक्स्ट्राटेक ओभल अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला तथा यस प्रदेशका अन्य रंगशालाहरु पूर्ण क्षेमतामा सञ्चालन गर्न सकेमा यस क्षेत्रमा खेल क्षेत्र थप गुणस्तरीय हुने सम्भावना रहेको ।
- निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनाहरु सिक्टा सिँचाई आयोजना, बबई सिँचाई आयोजना र भेरी बबई डाइभर्सन जस्ता सिँचाई आयोजनाहरुको निर्माण कार्य सम्पन्न पश्चात् यस प्रदेशका बाँके र बर्दिया जिल्लाहरुको खेतीयोग्य जमिनमा सिँचित क्षेत्रफल बढ्ने अनुमान रहेको छ ।
- लुम्बिनी प्रदेश सरकारले दाङको देउखुरीमा रहेको राप्ती उपत्यकामा राजधानी व्यवस्थापन, लुम्बिनी प्राविधिक विश्वविद्यालय, लुम्बिनी प्रादेशिक अस्पताल र पाल्पाको रामपुरदेखि सल्यानको कपुरकोट सम्मको सडकलाई प्रादेशिक गौरवका आयोजनाको रुपमा कार्यान्वयन गरी रहेकाले आगामी वर्षमा पूर्वाधार तथा रोजगारीका क्षेत्रमा सकारात्मक प्रभाव पर्ने देखिन्छ ।
- यस प्रदेशमा लुम्बिनी केवलकार सञ्चालनमा आइसकेको तथा सिद्धार्थ केबलकार शीघ्र सञ्चालनमा आउने हुँदा बुटवल–पाल्पा क्षेत्रमा पर्यटक आवागमनमा वृद्धि भई रोजगारी समेत बढ्ने देखिन्छ ।